# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

चैत्र पूर्णिमा



लुम्बिनी स्थित गौतमी विहारमा प्रतिष्ठापनार्थ निर्माण गरिएका प्रतिमाहरू
बीचमा भगवान बुद्ध, बुद्धको दायाँ भिक्षु सारीपुत्र, बायाँ भिक्षु महामौद्गल्यायन

वर्ष- १७ अङ्क- १२ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# सम्पादकिय

## २५४४ औं बुद्ध पूर्णिमा

वि.सं. २०५७ साल जेठ ५ गतेका दिन बुद्ध शिक्षाको महत्वलाई कदर गर्दै २५४४ औं बुद्ध पूर्णिमा दिवस मनाउन गइरहेका छौं हामी/कदर र भक्ति गर्न त खूव जान्दछौं हामी । तर बुद्ध शिक्षालाई बुझेर उहांको आदर्शलाई पालन गर्न भने फुर्सद छैन हामीलाई । बुद्धको शिष्य कहलाउने ठूलो धोको छ हामीमा । तर साँच्चिकै शिष्य बन्ने शाहस भने छैन हामीमा । किनभने बुद्धको शिष्य त त्यतिबेला मात्र हुन सकिनेछ, जुनबेला हामीले आफुमा भएका खराव आचरणहरूलाई आफैले महशूस गरी हटाउन सकिनेछ । तर हाम्रो यो मन भने जतिबेला पनि आफ्नो होइन अर्काको कमजोडी र दुर्गुणहरूको विषयमा चर्चा गर्दै समय बिताउन रमाउने गर्छ । यही बानीले पहिला आफ्नो मनमा क्रोध र असन्तोषको आगो बाली अशान्ति मच्चाउने गर्छ, पछि अर्काको मनमा आगो बाली अशान्ति मच्चाउँछ र परिवार, समाज र संसारमा नै यो नीतिले अशान्ति मच्चाइरहेको छ । तर यही मनले भन्छ; हामी शान्तिका अग्रदूत गौतम बुद्धका शिष्य हौं । हामी शान्ति प्रेमी भएकोले शान्ति चाहन्छौं ।

यस्तो देखावटी भुलभुलैयामा हामी जबसम्म लाग्नेछौं, तबसम्म हामी "आकाशको फल आँखा तरी मर" भन्ने उखान टुक्काको सहभागी बन्ने छौं । यस्तो हालतमा परी शान्तिको खोजीमा लाग्दै अशान्तिलाई अंगालिरहेका हामी वालजनहरूले वर्षेपिच्छे मनाइरहेको बुद्ध पूर्णिमाबाट के कति उपलब्धि पायौं त भन्ने विषयमा सोच्ने सम्म पनि फुर्सद पाएका छैनौं । किनभने हाम्रा थुप्रै काम कुराहरू त्यसै परिरहेका छन् । ती काम हुन् हामीले आफ्नो होइन अरूको गल्ती र कमजोडीहरूको चर्चा गर्ने काम ।

त्यसैले यसपाली हामी केही चलाख बनी यस चित्तलाई केही फुर्सद दिई बुद्ध शिक्षालाई नियाल्न लगाऔं । भगवान् बुद्ध भन्नुहुन्छ- "यदि तिमी शान्ति चाहन्छौ भने तिमी आफैले पाप कर्म नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई निर्मल पार्नु ।" यस शिक्षा अनुसार शान्ति त आफ्नै मनले प्राप्त गर्नु पर्ने रहेछ । अरूको चर्चा गर्दैमा बाहिरबाट शान्ति प्राप्त हुने रहेनछ । त्यसैले हामीले आफ्नो चित्तलाई अर्काको दोष खोज्न वाहिरी काममा लगाई वढि धपेडी नगराऔं । यसको बदला आफुमा कुनै खराव बानी छ वा छैन भन्ने विषयमा खोज्न लगाऔं । आफ्नो कमजोडीलाई अरूहरूको सामुन्ने प्रकट गरेर मात्र सन्तोष लिन मिल्दैन, त्यस कुवानीलाई आफ्नो चित्तबाट निर्मुल नै पार्ने अभ्यास तिर लागौं । यस्तो गर्दागर्दै आफूमा रहेका सानाभन्दा साना दुर्गुणहरूलाई समेत खोज तलास गर्दै बाहिर फालौं । यस्तो कार्यले मात्र आफ्नो मनलाई परवाली निर्मल पार्न सहयोग मिल्नेछ ।

हामीले आफ्नो शरीर साबुन पानीले धोई परवाली सफा पारी शारीरिक दुर्गन्धबाट केही क्षण मुक्त रहन त सजिलो छ । तर मनको दुर्गुण रुपी मयल परवाली मानसिक शान्ति प्राप्त गर्ने काम भने अलि गान्हो त हुन्छ नै । तर जसलाई मानसिक शान्तिको चाहना हुन्छ, त्यसले बुद्ध शिक्षालाई अभ्यास नगरेसम्म सयौंपटक बुद्ध पूर्णिमा महोत्सव मनाए पनि त्यसको कुनै औचित्य नहुने रहेछ । बुद्ध पूर्णिमा त बर्षेपिच्छे आइनै रहनेछ । दिन आउँदैमा एकछिन हर्षोल्लासपूर्वक देखावटी उत्सव मनाउँदैमा बुद्धको महिमा गाउँदै भाषण र प्रवचन गर्दैमा त्यसबाट सार तत्त्व उपलब्धी हुने होइन ।

त्यसैले यसपाली देखि भएपनि बुद्ध शिक्षालाई अपनाउँदै लाने प्रयास गरौं । २५४४ औं बुद्ध पूर्णिमाको महत्त्व भाषणले होइन शुद्ध आचरणले बढाउने शुभकामना राखौं ।

## विषय-सूचि


| | | |
|---|---|---|
| १) कण्डित जातक | ✍ प्रकाश बज्राचार्य | २ |
| २) धम्मपद - १२७ | ✍ रीना तुलाधर | ३ |
| ३) (कविता) "बौद्ध परियत्ति ब्वंबनेवा" | ✍ मञ्जु शाक्य | ३ |
| ४) भिक्षु महासंघको अध्यक्ष ... निर्वाचित | ✍ कोण्डन्य संघाराम | ४ |
| ५) (कविता) त्रिरत्न शरण | ✍ बेखारत्न शाक्य | ६ |
| ६) गृहस्थहरूको जीवन नियम (विनय) | ✍ डा. अम्बेडकर, अनु. ललितरत्न शाक्य | ७ |
| ७) (कविता) थः मालिक थः हे | ✍ दोलेन्द्ररत्न शाक्य | ९ |
| ८) (कविता) न्ह्यचिलेमाल आर्यपिं | ✍ अमृतमान शाक्य | ९ |
| ९) "यथार्थमय जीवन यात्रा" | ✍ श्रा. संघरक्षित | १० |
| १०) संयुक्त निकाय-१७ | - | |
| - भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती | | १३ |
| ११) छिमेकी देशहरूसंग स्नेह सम्बन्ध | ✍ आचार्य सत्यनारायण गोयन्का | १५ |
| १२) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू : | - | १७ |
| १३) बुद्धकालीन ... चर्चा-२ | ✍ कृष्ण कुमार प्रजापति | १८ |
| १४) धर्मकीर्ति विहार-गतिविधि | | २० |
| १५) (कविता) न्ह्यलं चायक्यगु म्ये | ✍ हर्ष रत्न धाख्वा | २१ |
| १६) धर्म प्रचार-समाचार | - | २४ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A Buddhist Monthly

APRIL, 2000

| वर्ष- १७ | अङ्क- १२ | ल्हुतीपुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|





★ श्रेष्ठ पुरुषको जन्म हुनु दुर्लभ हो, यस्तो पुरुष सबै ठाउँमा जन्मँदैन, जुन कुलमा श्रेष्ठ पुरुषले जन्म लिन्छ, त्यस कुलमा सुख बृद्धि हुन्छ ।

★ ★ ★

★ मनुष्य भई जन्मनु कठिन छ, एकदिन मर्नुपर्ने मानिसहरू बाँचिरहन पाउनु पनि कठिन नै हो, सद्धर्म श्रवण गर्न पाउनु पनि कठिन नै हो, बुद्धहरूको जन्म हुनु पनि कठिन नै हो ।

★ ★ ★

★ बाँडाले क्रमैसंग चाँदीको कसर हटाउने जस्तै मेघावी (विद्वानजन) ले क्रमैसंग अलि अलि गरेर समयसमयमा आफ्नो चित्तमल हटाउँदै जानुपर्छ ।

★ ★ ★

Downloaded from http://www.dhamma.digital

# कण्डित जातक

✍ प्रकाश बज्राचार्य

उनी असाध्यै राम्री थिई । बान्कि परेको आँखा । सुडौल शरीर । गठिलो कम्मर । हिंडाइमा लचकता । बैंसले छल्किएको यौवन ।

त्यस्ती राम्री मृगणीलाई देखेर मुग्ध भयो त्यो मृग । त्यो मृगणीको मखमली भूवा देखेर मृग मोहित भएको थियो । लामा लामा चार खुट्टाहरूले उसलाई लोभ्याएको थियो । मृगणीको रूप र सौन्दर्यको जालमा फँसिएको थियो त्यो मृग । बस्दा, उठ्दा, दौड्दा, सुत्दा सधैं हरहमेशा उही मृगणी झल्झली आँखामा आउने भयो । त्यो मृग प्रेम रोगमा फँसिसकेको थियो ।

मृगणी जहाँ जहाँ जान्थी, मृग पछि पछि लाग्ने भयो । माथि गएमा माथि, तल गएमा तल जाने भयो । दिन हो या रात, बिहान हो या दिउँसो, मृगणीको पिछा गर्ने भयो ।

बालि काट्ने समय थियो । राजगृहका मानिसहरू हर्षित थिए, हँसिला थिए । र साथै चौकन्ना थिए । त्यो मौसम मृगहरूले खेतमा आई बालि बिगार्ने मौसम थियो । त्यसैले राजगृह वासिन्दाहरू सतर्क थिए । शिकारीहरूको फुर्सद थिएन । मृगको मासु स्वाद लिई खाने मौका थियो । मृगलाई मारी पुरुषार्थ प्रदर्शन गर्ने मौका थियो । गाउँमा जंगलमा, झाडीमा, रूखमा शिकारीहरू शिकारलाई ढुकेर बस्ने गर्दथे ।

मृगणी गाउँकी थिई । पहाडबाट झरेर बेसीमा आउनु पर्ने थिई । उनी तल झर्न तयार भई ।

मृगले यो कुरो थाहा पायो । आफ्नी प्रिय मृगणी पहाड छोडी बेसीमा झर्न लागेको चाल पाउन ऊ पनि पछि पछि लाग्न आतुर भयो । आफ्नो इच्छा मृगणीको अगाडि जाहेर गर्न पुग्यो ।

मृगणीले भनी, "हेर तिमी पहाडका हौ । बेसीमा झर्नु पर्ने कारण केही छैन ।"

मृगले भन्यो, "तर म तिमी बिना यहाँ के गरिराख्ने ? तिमी नै मेरो ज्यान हो, तिमी नै मेरो मुटु हो त्यसैले म पनि पछि लाग्छु ।"

मृगणीले सम्झाउने कोसिस गरी, "तर तल झर्नु खतरनाक छ । शिकारीहरू ठाउँ ठाउँमा हुन सक्छन् । तिमी पहाडका । त्यतिको अनुभव तिमीमा छैन । त्यसैले जिद्दी नगर ।"

मृगले थपे, "तर म कसरी बाँचिराखुँ । तिमी मेरो हृदयको टुक्रा, मुटुको धडकन, दिलको ढुकढुकी हौ । तिमी नै रहेन भने मेरो जिन्दगीमा बाँकी नै के रह्यो र ? त्यसैले मलाई पनि साथै लग ।"

मृगणीले पुनः भनी, "भावुकताको कुरो होइन । जीवनको सवाल हो । तिमी जस्तो अनुभवहीन मृग संगै लागेर तल झरेमा मेरो समेत ज्यान जोखिममा पर्न सक्दछ । त्यसैले मूर्ख कुरा नगर । मलाई जान देऊ ।"

तर मृग मानेन । ऊ प्रमेले गर्दा अन्धो थियो । कामरसमा डुबेको थियो । ऊ पालग थियो ।

मृग मृगणी रातको समय पारी पहाडबाट तल ओर्ले । सकेसम्म आवाज नआउने पाईला चाल्दै चनाखो हुँदै झर्न लागे । एक ठाउँमा मृगणीले मानिसको गन्ध पाइहाल्यो । तर शिकारी कहाँ लुकेको छ त्यो चाहिं ठम्याउन सकिन । उनी चलाख थिई । कुरा मिलाई मृगलाई अघि अघि पारी आफू पछि पछि लागी ।

मूर्ख मृग आफ्नै धुनमा थियो । उनी प्रेमरसमा मस्त थियो । आफ्नै धुनमा थियो ।

अकस्मात ! बायाँतिरबाट एक तीर आई मृगको गर्धनमै धस्न आयो । एक पटक बेस्सरी चिच्चाई मृग बुर्लुङ्ग त्यहीं भुईंमा पछारियो । ठाडै मऱ्यो । पछि आइराख्ने मृगणी चाहिं अगाडी मृगको हालत देख्नासाथ उल्टो पाइला गरी कुल्लेलम ठोकी ।

शिकारी झाडीबाट छाती फुलाएर निस्के । अगाडी आफ्नो वाणले शिकार भएको मृगलाई देखेर गर्व महसुस गऱ्यो उसले । अनि कमरबाट चक्कु निकाली मृगको मासु काट्न थाले ।

त्यसै वनमा रहेको देवताले यो घटना देखेको थियो । ऊ आश्चर्य थियो त्यो मुर्ख मृगलाई देखेर । त्यो मृग आफ्नो आमाको लागि मरेको थिएन, आफ्नो बुबाको लागि मरेको थिएन । ऊ मरेको थियो कामवासनामा वशिभूत हुनाले । ऊ प्रेममा अन्धो थियो । ऊ मूर्ख थियो ।

× × ×

**यो जातक भगवान् बुद्धले एकजना कामतृष्णामा लागेको भिक्षुको कारणले भन्नुभएको थियो । यसमा वन देवता बोधिसत्व थिए ।**

■



Downloaded from http://www.dhamma.digital

# धम्मपद - १२७

✍ रीना तुलाधर

**अत्तानं चे पियं जञ्ञा-रक्खेय्य नं सुरक्खितं**
**तिण्ण' मञ्ञत्तरं यामं-पटिजग्गेय पण्डितो**

**अर्थ-** यदि आफै माथि प्रेम छ भने राम्ररी सुरक्षित गर, पण्डितहरूले रातको तीन प्रहर मध्ये एक प्रहर भए पनि जागृत रहेर बस्नु पर्छ ।

घटना- उक्त धर्मदेशना भगवान बुद्धले भेस कलाप भन्ने वनमा बास गरीरहनु भएको बेला बोधि राजकुमारको कारणमा बताउनु भएको थियो ।

बोधि राजकुमारलें आफ्नै लागि एउटा अत्यन्तै अनौठो रूपले राम्रो दरबार बनाउन लगाए । उनले खटाएका सिकर्मि पनि अत्यन्तै सिपालु रहेकोले बोधि राजकुमारको नव निर्मित दरबार कुनै अरु राजा महाराजाहरूको दरबार भन्दा बेग्लै उत्कृष्ट रूपले राम्रो बन्यो । दरबार निर्माणको कार्य पुरा भएपछि बोधि राजकुमारले भगवान बुद्धलाई भोजन दानको निम्ति निम्तो दिए । भगवान बुद्धलाई पधार्न दिन राजकुमारले भव्यसँग आफ्नो नयाँ दरबार सजाए । चार प्रकारका सुगन्धहरू छरे । मूल ढोकादेखि भित्र कोठासम्म अमूल्य कपडा बिछ्याए । ती राजकुमार नि:सन्तान थिए । उनले यस्तो पनि मनमा कामना गरे कि यदि मैले एउटा पुत्र अथवा एउटी पुत्री पाउने छु भने भगवान बुद्ध ढोकाबाट पस्नु भएर त्यो बिछ्याइएको असल कपडामाथि टेकी पधार्नु हुनेछ ।

भोजनको समय भएपछि भगवान बुद्ध राजकुमारको दरबारमा आई पुग्नु भयो । तर उहाँ ढोका भित्र पस्नु भएन । राजकुमारले भगवान बुद्धलाई वन्दना गरी भगवान बुद्धको पात्र हातमा लिई भित्र पाल्नु हुन आग्रह गरे ।

दुई तीन चोटी आग्रह गर्दा पनि भगवान बुद्ध दरबारभित्र पस्नु भएन । बरु भगवान बुद्धले सँगै उभिएका भिक्षु आनन्दको मुख हेर्नु भयो । आनन्दले भगवान बुद्धको ईशारा बुझ्नु भई राजकुमारलाई भनी भुईमा बिछ्याइएको त्यो कपडा झिक्न लगाउनु भयो । अनि बल्ल भगवान बुद्ध दरबारभित्र पस्नु भयो । राजकुमारले भोजन दान प्रदानको कार्य सकिएपछि भगवान बुद्धको सामू बसेर बिन्ति गरे- "म सदैव भगवान बुद्धको शरणार्थी भएर बसें । किन भगवान बुद्धले म माथि कृपा राखेर मैले बिछ्याएको कपडामाथि हिँड्नु भएन ?"

भगवान बुद्धले पनि उल्टो प्रश्न गर्नु भयो- "के तिमीले तिम्रा कुनै सन्तान हुने छ भने बुद्ध त्यो कपडामाथि कुल्चेर दरबार भित्र पस्नु हुनेछ भनेर आशिका गरेका होइनौ ?"

राजकुमारले "हो" भनेर जवाफ दिएपछि भगवान बुद्धले भन्नुभयो "तिमीले यो जन्ममा कुनै सन्तान पाउने छैनौ ।"

यसको कारणमा भगवान बुद्धले बोधि राजकुमार र उनकी पत्नीको एउटा पूर्व कथा सुनाउनु भयो । पूर्वजन्ममा ती दुई दम्पत्ति समुद्रमा यात्रा गरीरहेको बेला दुर्घटनामा परी संयोगवश एउटा द्वीपमा पर्न गए । त्यहाँ द्वीपमा भोक मेटाउनको लागि चराहरूको फुल खाए । विस्तार विस्तारै चराचुरुङ्गीहरूको बच्चाहरू मारेर खाए । यसरी चराचुरूङ्गीहरूको फुल र बच्चाहरू मारेर खाएरै जीविका गरे । यस्तो जीविका गर्न अलिकति पनि हिचकिचाएनन् । जीवनको कुनै एक समय अवधिमा मात्र उनीहरूले अरुको बच्चा नमारेर अप्रमादी भएको भए यस जन्ममा कुनै एक वैशमा भए पनि सन्तान पाउने थियो । यसरी जीवनभर अरुको बच्चा मारेर खाएकोले यो जन्ममा नि:सन्तान हुनु पऱ्यो भनी भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो । ■

## "बौद्ध परियत्ति ब्वंवनेवा"

✍ मञ्जु शाक्य

वा वा पासापिं बौद्ध परियत्ति ब्वनेवा
अविद्याया ख्यूँलँ मदय्केत ज्ञान कावनेवा

शनिवार छको जक जूसां हप्ताय् छक: जक
परियत्ति ज्ञान ब्वंवनेवा

त्रिरत्न शरण, पंचशील छु ख: सिइकेवा
चतुआर्य सत्य, आर्य अष्टांगिक मार्ग वनं छु ख:
सिइके वा

वा वा पासापिं बौद्ध परियत्ति ... ...
अविद्याया ख्यूंलँ मदयकेत ... ...

दान शील भावना छु ख:
दु:ख मुक्ती जुय्गु निर्वाण छु ख:
धयागु सिइकेत बौद्ध परियति ब्वंवनेवा
वा वा पासापिं



Downloaded from http://www.dhamma.digital

# भिक्षु महासंघको मतदान भएको त्यो दिनको याद आउँदा .. !

✍ कोण्डन्य संघाराम

नेपालमा प्रजातन्त्रको संक्रमणकालको लगत्तै थेरवाद बुद्ध-शासनको पुनर्जागरण भएको मान्न सकिन्छ। धर्मोदय सभाको स्थापना भइसकेपछि त्यतिबेला धर्मप्रचार गरेको अभियोगमा देश निकाला गरिएका भिक्षु तथा श्रामणेरहरूलाई नेपाली भिक्षु अमृतानन्दको सकृयतामा श्रीलंकाली भिक्षु नारदको नेतृत्वमा नेपाल भ्रमणमा आएको शिष्ट मण्डलले निभाएको आवश्यक भूमिका पश्चात स्वदेशमा पुन: फर्किन फुकुवा भएको थियो। त्यसको लगत्तै नेपालमा राणा शासन अन्त्य भई प्रजातन्त्रको स्थापना भएको र यसै २००७ सालमा "अखिल नेपाल भिक्षु महासंघ"को स्थापना भएको थियो। भिक्षु महासंघको स्थापनाको त्यो समयलाई फर्कि हेर्दा दिवंगत हुनु भइसकेका श्रद्धेय महास्थविरहरू प्रज्ञानन्द (कर्मशील), धर्मालोक र अमृतानन्द सदा पर्यन्त स्मरणीय व्यक्तित्वका रूपमा स्थापत्य खम्बा नै हुन्। २००७ साल देखि अखिल नेपाल भिक्षु महासंघ सांघिक रूपमा आजसम्म चल्दै आइरहेको छ। अ.ने.भि. महासंघ श्री ५ को सरकार, जिल्ला प्रशासन कार्यालयमा दर्ता भइसकेको छ भने वैधानिक प्रकृया अपनाउँदै महासंघका सदस्यहरूको चयन कार्य गरिंदै आइरहेको छ।

अस्ति २०५६ फागुण २६ गते बिहिबार (9th March 2000) का दिन नयाँ बानेश्वर-मीन भवनस्थित विश्व शान्ति विहारमा सम्पूर्ण नेपाली भिक्षु तथा श्रामणेरहरूलाई अखिल नेपाल भिक्षु महासंघले बिहान ७ बजे देखि नै उपस्थितिका लागि निमन्त्रणा दिइए अनुरूप संघका सदस्यहरू भिक्षु-श्रामणेरहरूको उपस्थिति भयो। सर्व प्रथम भिक्षु-प्रातिमोक्ष विनय कर्म अनुसार आपत्ति देशनाको कार्य समाप्त भयो र त्यसपछि बुद्ध-पूजा गरिएको थियो। श्रद्धेय नेपालका जेष्ठ एवं संघनायक भिक्षु अनिरुद्ध महास्थविरले सहभागीहरूलाई ओवाद-उपदेश दिने क्रममा - 'सम्पूर्ण भिक्षुहरूले आपसी भाइचारा र समन्वयको भावना अगाडि सारी संगठित रूपमा अघि बढ्ने तर्फ सजगता अपनाउनुपर्छ' भन्ने कुरामा जोड दिनु भयो। यसपछि अ.ने.भि. महासंघका सचिव एवं विश्वशान्ति विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरले पाँचौं साधारण सभाको प्रगति विवरण प्रस्तुत गर्नुभयो। महासंघको उद्देश्य अनुरूप जे-जति गरिनु पर्ने हो त्यो त्यति हुन नसकेको, भिक्षु-श्रामणेर हरूको संख्या, विहारहरूका बारेमा उहाँले आफ्नो प्रतिवेदनमा प्रस्तुत गर्नुभयो। यसको लगत्तै हालसालै दिवंगत हुनु भएका भिक्षुहरू चुन्द, सुमंगल, महेन्द्र र कालुदायी र श्रामणेर शीलरत्नहरूका पुण्य स्मृतिमा एकमिनेट मौन-धारण गरियो। यति बेला सबै नै निकै भावविह्वल देखिन्थे।

त्यसपछि अ.ने.भि. महासंघका कोषाध्यक्ष भिक्षु शीलभद्रद्वारा आर्थिक आय-व्यय प्रस्तुत भइसके पछि अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरले शुभेच्छा मन्तव्य दिने क्रममा भिक्षु-श्रामणेरहरूका बीच संख्यात्मक रूपमा र गुणात्मक रूपमा सकारात्मकता देखिएको भएतापनि संख्यामा अझ धेरै वृद्धि गर्ने तर्फ सोच राखी संघका सदस्यहरूका बीच मिलोमतोको वातावरण श्रृजना गरी बुद्ध-शासनको अभिवृद्धिका लागि जुट्नु पर्ने अपरिहार्यता छ भन्ने कुरा औंल्याउनु भयो। समयाभाव र बढी यसैमा समय लाग्ने भएर स्वअभिव्यक्ति - मनोभावना पोख्ने समय मिलाइएको थिएन जस्ले गर्दा असन्तोषका आवाज बुलन्द भएर गुन्जिन खोज्यो, जति बेला म स्वयं उद्घोषकलाई अलमल र अप्ठ्यारोपनाको महशूस भएको थियो। अध्यक्षको शुभेच्छा मन्तब्य पश्चात पुण्यानुमोदना हुन्छ र पहिलो सत्र साधारण सभा समाप्त भई अ.ने.भि. महासंघका सम्पूर्ण पदाधिकारीहरूको पदावधि पनि समाप्त हुन्छ। त्यसपछि नयाँ कार्यकारिणी सदस्यहरुको चयनार्थ निर्वाचन आयुक्त प्रा. सुवर्ण शाक्य कहाँ उम्मेदवारी नाम दर्ता गर्ने तर्फ सबै आकर्षित भएका देखिन्थे। कार्यसमितिमा नाम दर्ता गर्ने ११:०० बजे सम्म मात्र तोकिएको थियो।

विश्वशान्ति विहारको प्राङ्गण (चोक) मा विश्वशान्ति दायक समितिद्वारा भोजनको लागि चार चार जना गरी बस्न टेबुलको व्यवस्था गरिएको र चारैतिर पादपीठमा विश्वशान्ति बौद्ध शिक्षालयमा अध्ययनरत ३० जवान श्रामणेरहरू भिक्षा पात्रमा भोजन गरी रहनुभएको दृष्य मनमोहक थियो। सधैं एउटै विहारमा यसरी भिक्षु र श्रामणेरहरूको जमघट भए कति रमाइलो हुन्थ्यो! एउटै विहारमा यतिका भिक्षुहरू कहिले मात्र हुने होला? बौद्ध देश भ्रमणमा जाँदाको कुरा मेरो



Downloaded from http://www.dhamma.digital

मानस पटलमा छायाँ जस्तै देखा पर्दछ । हुन त ती बौद्ध देशमा अल्याख भिक्षुहरूको संख्या, बौद्ध संस्कृति र सभ्यता, बुद्धधर्म प्रतिको त्यो अवस्था थोरै समयको उपलब्धिबाट मिलेको सफलता भने अवश्य पनि होइन । युगौं युग देखिको अभ्यास पछि मात्र सफलता मिलेको ती देशहरूका बुद्धधर्म र बौद्ध संस्कृति एवं सभ्यताको विकासलाई देखेर यहाँ हाम्रो देशमा केही पनि भएन भनी निराशावादी बन्नुपर्ने देखिदैन । सामाजिक परिवर्तन र मानिसको धारणामा नै परिवर्तन आउन धेरै समय लाग्छ, तर अभ्यासको क्रम र प्रचार-प्रसार निरन्तर रूपमा हुँदै जानुपर्छ अनि बिस्तारै परिवर्तित मोड तर्फ मोडिदै जाने हुन्छ । यथार्थतः बुद्धभूमि नेपाल अधिराज्य नै हो भन्ने कुरा ऐतिहासिक, पुरातात्त्विक, पौराणिक एवं साहित्यिक श्रोतहरूले प्रमाणित गरिसकेको छ, यो सर्वमान्य निर्विवाद विषय हो । विडम्बनाको कुरा इतिहासका ती कालखण्डहरू खोतल्दै जाँदा राजनीतिक रूपमा जुन उतार-चढावहरू देखिए त्यस्ले गर्दा नेपालमा बुद्धधर्मको अवस्था कहिले उकासिदै गए भने कहिले विलाए पनि, तर २००७ सालको राजनीतिक परिवर्तन पश्चात नेपाल र नेपाली जनतासित सम्बन्धित हरेक पक्षमा एउटा क्रान्तिकारी परिवर्तन आएको महशूस गर्न सकिन्छ भने त्यति बेला देखि नै बुद्धमार्गीहरूमा पनि एउटा आफ्नै अस्तित्व र पहिचान जोगाउने तर्फ लाग्नु पर्छ भन्ने नयाँ सोच विचार र भावनाको विकास भएको मान्न सकिन्छ । यसैको एउटा उदाहरण स्वरूप हो नेपालमा थेरवाद बुद्धशासन र यस्लाई डोऱ्याउने तर्फ प्रमुख भूमिका निभाएको संस्था-अखिल नेपाल भिक्षु महासंघ ।

भोजनोपरान्त उम्मेदवारहरूको नाम टाँसिएको क्षेत्रमा हुलमुल हुन्छ, अध्यक्ष पदमा भिक्षु बुद्धघोष महास्थविर र डा. भिक्षु सुनन्दले उम्मेदवारी दर्ता गरेका थिए भने उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष पद प्रतिद्वन्दि, रहित थिए भने ६ जना कार्यकारिणी सदस्यका लागि १२ जनाले उम्मेदवारी दर्ता गरेका थिए । भिक्षु संघ भित्र चुनाव आयुक्तको व्यवस्था गरी निर्वाचन प्रकृया अपनाउने कुरा एकपक्षमा सकारात्मकतालाई अपनाउन खोजे जस्तो लागेपनि एकपक्षमा कता कता अप्ठ्यारो जस्तो पो महशूस भयो- मलाई । उम्मेदवारी नामावली प्रकाशित सूचनामा मेरो नाम उल्लेख नभएको देख्दा धेरैलाई आश्चर्य नै लागेका थिए । यसो हुनु अस्वाभाविक भने होइन, किनभने म पनि त्यहाँ उम्मेदवारी भन्दा पनि बढी चहलपहल र लविंग गर्ने कार्यमा व्यस्त थिएं । निश्चित रूपमा मैले निवर्तमान अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरको प्रस्तावमा निवर्तमान सचिव भिक्षु ज्ञानपूर्णिकको निर्देशनमा मेरा सहपाठी भिक्षु अशोककीर्तिको समर्थनमा निर्वाचन आवेदनमा उम्मेदवारी पत्र भरेको थिएं, तर निर्वाचन आयुक्तकोमा जाँदा एकैपदमा दुई हुने र कता कता त्यो प्रकृयामा जान आफूलाई धर्मसंकट भए झैं, नैतिकताले नै रोके झैं लाग्यो र भिक्षु निग्रोध लगायत अन्य मेरा दुई जना सहपाठीहरू संगको सल्लाह बमोजिम आवेदन दर्ता नगरी गोजीमैं कोचेर राखें । तर मैले जेष्ठ भन्तेहरूलाई पनि आफूले उम्मेदवारी दिएको छु भन्दै कुरा टालें, बस कुरा मिलाएं तर झुक्याएको चाहिं होइन । तर त्यति बेला सबैलाई मैले झुक्याए (ध्वंलात, भंगलात) र छले भने तापनि यथार्थतः म आफै झुक्किएको थिएं, छलिएको पो थिएँ !? कतैबाट त्यस्तै परिवन्द देखिएझैं भो ।

एउटा भरखरको श्रामणेर- सानो भन्तेले नै अध्यक्ष पदमा उम्मेदवारी दियो भने के गर्ने ? आखिर चुनाव हो, लविंग गर्ने पक्षको जीत पनि त हुन सक्छ !? यस विषयमा संघले विधानमा नयाँ दफा वा धारा बनाउनुपर्ने तर्फ सोच्नै पर्छ भन्ने कुरापनि एक आपसमा बहस झैं चलेको थियो । अन्तिम नामावली प्रकाशन गर्न अगाडि उम्मेदवारी फिर्ता र दावी-विरोधको समय दिइएको थियो । त्यतिबेला अध्यक्ष पद र कार्यकारिणी दुबैमा निर्विरोधको स्थिति श्रृजना गर्न म आफैले पनि प्रयास गरेको थिएं । जस्को परिणाम स्वरूप कार्यकारिणीमा दुईजनाले (भिक्षु अनोमदर्शी र धर्ममूर्ति) उम्मेदवारी फिर्ता लिएका थिए भने अन्य उम्मेदवारहरू पदाधिकारीका लागि चुनावी प्रकृयामैं जान तयार भए । आयुक्तले ठीक १:०० बजे मतदान प्रकृया शुरू गरे भने मतदानमा जेष्ठताको क्रममा मतदाता भिक्षु श्रामणेरहरूले आ-आफ्नो मतको सदुपयोग गरे । यो मतदान प्रकृया नेपालको थेरवाद बुद्धशासनकै ऐतिहासिक क्षण हो । त्यो ऐतिहासिक क्षण सबैका लागि खुल्दुलि र चासोको विषय जस्तै लागेको देखिन्थ्यो ।

करीब एक घण्टामैं मतदान समाप्त भयो र त्यस्को लगत्तै उम्मेदवारहरूको सामुन्ने नै चुनाव आयुक्त प्रा. सुवर्ण शाक्यको मातहतमा मतगणना कार्य शुरू हुन्छ । म आफैले बाहिर मतगणनाको परिणाम सुन्न बसेकाहरूलाई समय-समयमा अहिले भरखरै प्राप्त मत परिणाम भन्दै सबैले प्राप्त गरेका मत-संख्या सुनाउँदै



Downloaded from http://www.dhamma.digital

गरेको थिएं, जति बेला सबैको ध्यानाकृष्ट गर्न सहज भएको अनुमान गर्न सकिन्थ्यो । मतगणनाको अन्तिम परिणाम अनुसार अध्यक्षमा भिक्षु बुद्धघोष महास्थविरलाई ५७ मत प्राप्त भएको थियो भने वहाँका प्रतिद्वन्दि डा. भिक्षु सुनन्दले ६ मत प्राप्त गरे । यसरीनै कार्यकारिणी सदस्यहरूमा क्रमश: भिक्षुहरू बोधिज्ञानले ६१, भद्दियले ५५, सुमेधले ४४, धर्मपालले ४३, अस्सजिले ४१, तपस्सिधम्मले ४०, धर्मशोभनले ३९, प्रज्ञामूर्तिले २५, प्रज्ञालोकले २३ र सुगतमुनिले ८ मत प्राप्त गर्नु भएका थिए ।

मत परिणाम घोषणा गरिसकेपछि चुनाव आयुक्त प्रा.सुवर्ण शाक्यद्वारा हस्ताक्षरित प्रमाणपत्र सम्पूर्ण कार्यकारिणी सदस्यहरूमा निर्वाचित एवं निर्विरोध पदाधिकारीहरूलाई श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविरले प्रदान गर्नु भएका थिए । यसरी अखिल नेपाल भिक्षु महासंघको अध्यक्षमा भिक्षु बुद्धघोष महास्थविर निर्वाचित हुनुभयो भने उपाध्यक्षमा प्रा. भिक्षु सुदर्शन महास्थविर, सचिवमा भिक्षु ज्ञानपूर्णिक महास्थविर, सह-सचिवमा भिक्षु बोधिसेन महास्थविर र कोषाध्यक्षमा भिक्षु शीलभद्र महास्थविर पुन: निर्विरोध चुनिनु भएका थिए । यसरी नै कार्यकारिणी सदस्यहरूमा भिक्षु धर्मपाल, भिक्षु भद्दिय, भिक्षु तपस्सीधम्म र भिक्षु अस्सजि निर्वाचित भए भने भिक्षु सुमेध पुन: निर्वाचित सदस्य हुनुहुन्छ । निर्वाचन आयुक्त एवं धर्मोदय सभाका महासचिव प्रा.सुवर्ण शाक्यले मन्तव्य दिने क्रममा आफूले दशकौं अगाडि देखि बुद्धधर्म र संस्कृतिको प्रचार-प्रसार गर्नमा सक्दो योगदान दिँदै आएकोमध्येमा अखिल नेपाल भिक्षु महासंघको पाँचौं साधारण सभा र कार्यकारिणी सदस्यहरूको चुनावमा निर्वाचन आयुक्त बन्न पाउनु ठूलो सौभाग्य भएको र जुन आफ्नो जीवनमा नै सबैभन्दा ठूलो उपलब्धि भएको कुरा प्रकाश पार्नुभयो । यसपछि अ.ने.भि. महासंघका नयाँ पदाधिकारीहरू सबैले आ-आफ्नो मन्तब्य दिएका थिए । नयाँ पदाधिकारीहरूले नयाँ नयाँ कार्य योजना सम्बन्धी मन्तब्य दिन्छ कि भनी सहभागीहरू निकै उत्सुक देखिएका थिए । उपाध्यक्ष एवं श्रीकीर्ति विहारका प्रमुख प्रा. भिक्षु सुदर्शन महास्थविरले अखिल नेपाल भिक्षु महासंघलाई रु. १,००,०००/- (एकलाख) नगद प्रदान गर्ने घोषणा गर्नु भयो । नेपाली भिक्षु तथा श्रामणेरहरू जो एम. ए. (स्नातकोत्तर) स्तरमा अध्ययनरत छन्, उनीहरूका लागि भिक्षु संघले आवश्यकतानुसार खर्च गर्न उक्त रकम महास्थविर भिक्षु सुदर्शनले प्रदान गर्नुभएको निश्चयनै सकारात्मक एवं स्वागतयोग्य विषय हो ।

अन्तमा निवर्तमान अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको चारवर्षिय कार्यकाललाई सगौरवका साथ विदाइ गरियो भने नयाँ पदाधिकारीहरूको नयाँ कार्यकाल सुचारु पूर्वक नयाँ नयाँ विकासका कार्यमा सफलता प्राप्त गर्दै जान सकोस् भनी आशिर्वाद, सुभाशिष दिने क्रममा भिक्षु संघबाट परित्राण पाठ गरिएको थियो । यसरी २०५६ फागुण २६ गतेको दिन झमक्क साँझ पर्छ पनि अखिल नेपाल भिक्षु महासंघको पाँचौं साधारण सभा तथा नयाँ कार्यकारिणी समितिको चयन कार्य पनि धार्मिक पूर्वक समाप्त हुन्छ । सबै आ-आफ्नो निवासस्थान विहार-विहार तर्फ मोडिन्छन्, अनि साँझलाई रातले झपक्क अंगालोमा कसिदै लान्छ । लौ ... ... चुनाव सकिहाल्यो, सबैलाई मेरो पनि न्यानो एवं धार्मिक अभिवादन तथा अभिनन्दन ! समाचार यताउति संप्रेषण गर्दागर्दै आफूलाई पनि थकाइको महशूस हुन्छ र कति बेला निंद्राले मलाई अर्कै दुनियाँमा लगेछ, त्यो थाहै भएन । ■

*Yangon, Myanamar-21.03. 00*

## त्रिरत्न शरण

✍ **बेखारत्न शाक्य, यल**

शरण बुद्धया भी वनेनु ॥धु॥

स्वाँ छफोसाँ श्रद्धा तया भी
शुद्ध चित्त या वने नु ।
कायेगु ज़क मखु, बी नं सयेका:
दुगु बिया मन स्वाँ ह्वयकेनु ॥
शरण बुद्धया भी वनेनु ।

तोपुया च्वंगु सुपाँय् चीका
यचुका क्योंम्ह तिमिला थें
सम्यक मार्ग थ्व हे धका
निर्वाणया लंपु क्यना ब्यूम्ह ।
शरण बुद्धया भी वनेनु ।

ब्यर्थ ई वां मछ्व:से
याना धर्मया छलफल भी
ईया मुल्य म्हसीका भीसं
जीवन न्ह्याकागु सार यायेनु
शरण बुद्धया भी वनेनु ।



Downloaded from http://www.dhamma.digital

# गृहस्थहरूको जीवन नियम (विनय)

- डा. अम्बेडकर
अनु. ललितरत्न शाक्य

**१. धनीहरूका लागि जीवन नियम**

१. भगवान् बुद्धले दरिद्रतालाई जीवनको सौभाग्य भनेर त्यसलाई माथि उठाउने प्रयास गर्नुभएन।

२. "तिमीहरू सन्तुष्ट भएर बस्न सक्छौ, किनभने सारा पृथ्वीमा परम्परा कायम गर्ने तिमीहरू नै हुने छौं" भनेर यस्तो कुरा उहाँले गरीवहरूलाई भन्ने गर्नुभएको थिएन।

३. यसको विपरीत उहाँले ऐश्वर्यको स्वागत गर्नुभयो। उहाँले विनयानुसार ऐश्वर्य प्राप्त गर्ने कुरामा जोर दिनुभयो।

(११)

१. एकदिन भगवान् बुद्ध बसिराख्नु भएको ठाउँमा अनाथपिण्डिक आइपुगे। तथागतलाई अभिवादन गरेपछि एकातिर बस्दै भने "भगवान्! कुन कुराहरू गृहस्थका लागि अनुकूल हुन्छन्, राम्रो लाग्ने हुन्छन्, तिनीहरूद्वारा स्वागतार्थ हुन्छन् तर त्यसलाई प्राप्त गर्न कठीन हुन्छ, कृपया बताइदिनु हुन्थ्यो कि?"

२. अनाथपिण्डिकको प्रश्न सुनिसक्नुभएपछि तथागतले उत्तर दिनुभयो, "यस्ता कुराहरूमध्ये- पहिलो कुरा हो न्यायपूर्वक धन प्राप्त गर्नु।"

३. "दोस्रो कुरा हो, नजीक नातेदारहरूले पनि न्यायपूर्वक धन प्राप्त गर्न सकून् भन्ने हेर्नु।"

४. तेस्रो कुरा हो दीर्घजीवी हुनु।"

५. "सच्चा गृहस्थहरूका निमित्त यी तीन कुराहरू, जुन संसारमा स्वागतार्थ हुन्छन्, सुखदायक हुन्छन् तर प्राप्त गर्न कठीन हुन्छन्। तिनीहरूका निमित्त चार कुराहरू पूर्वकरणीय हुन्छन्, ती हुन् श्रद्धारूपी, शीलरूपी, उदारतारूपी तथा प्रज्ञारूपी सौभाग्य हुनु।"

६. श्रद्धा तथा आस्थारूपी सौभाग्यको मतलव हुन्छ तथागतको बारेमा यस्तो यथार्थ जानकारी राख्नु- 'उहाँ भगवान् अर्हत हुनुहन्छ। पवित्र हुनुहुन्छ। सम्यक् हुनुहुन्छ। सम्बुद्ध हुनुहुन्छ। विद्या तथा आचरणद्वारा युक्त हुनुहुन्छ। लोक (विश्व) को जानकार हुनुहुन्छ। अनुत्तर हुनुहुन्छ। (दुर्दमनीय) पुरूषहरूको दमन गर्ने सारथी हुनुहुन्छ र उहाँ देव मनुष्यका शास्ता हुनुहुन्छ।"

७. "शीलरूपी सौभाग्य, प्राणातिपात (जीव हिंसा) अदिन्नादान (चोरी), काम मिथ्याचार (व्यभिचार), मृषावाद (असत्य) तथा नशिला वस्तुहरू त्याग गर्नुमा हुन्छ।"

८. "उदारतारूपी सौभाग्य, कंजुसपनाको कलंकदेखि टाढा रहनुमा हुन्छ, उदार भइरहनुमा हुन्छ, हात खुल्ला राख्नुमा हुन्छ, अरूलाई दिएर आनन्द मनाउनुमा हुन्छ, दाता र दानशील हुनुमा हुन्छ।"

९. "प्रज्ञाको सौभाग्य कुन कुरामा हुन्छ? जुन गृहस्थको मन लोभको वशमा हुन्छ, लालचको वशमा हुन्छ, द्वेषको वशमा हुन्छ, आलस्यको वशमा हुन्छ, तन्द्राको वशमा हुन्छ, मनको व्यग्रताको वशमा हुन्छ, जसले पापकर्म गर्छ, जे गर्नुपर्ने हो त्यो गर्दैन; त्यसको फलस्वरूप उसलाई न सुख प्राप्त हुन्छ नत सम्मान नै।

१०. "लोभ, लालच, द्वेष, तन्द्रा, मनको अस्थिरता, तथा शंकालुपन यी सबै मनका दागहरू हुन्। जुन गृहस्थले यी दागहरूबाट आफ्नो चित्तलाई मुक्त पार्दछन्, तिनीहरू बहुल प्रज्ञ हुनजान्छन्, पृथुल प्रज्ञ हुनजान्छन्, वुद्धि निर्मल हुनजान्छ। त्यो व्यक्ति पूर्ण ज्ञानी हुनजान्छ।"

११. "यस प्रकार न्यायपूर्वक ठूलो परिश्रमले, बाहुवलले पसीना बगाएर कमाएको धन सौभाग्यको धन हुन्छ। यस्तो गृहस्थ आनन्दित र सुखी हुन्छ र आनन्दमग्न भएर बस्छ। त्यसले आफ्ना मातापिता, स्त्री, बालबच्चा, आफ्ना नोकर तथा कर्मचारी, संगी साथीहरूलाई सुखी र आनन्दित पार्दछ र सबैलाई आनन्द मग्न बनाउँछ।"

**२. गृहस्थ जीवनका लागि नियमहरू**

यस विषयमा भगवान् बुद्धको विचार श्रृगालसंग भएको संवादमा उल्लेख गरिएको छ।

१. भगवान् बुद्ध राजगृहको वेलुवन अन्तर्गत कलन्दक निवासमा बस्नुभएको थियो।

२. एकदिन एकजना गृहपति-पुत्र युवक श्रृगाल समयमै उठ्यो र राजगृहदेखि बाहिर गएर भिजेको केश, भिजेको बस्त्र लगाइ, दुबै हात जोडी माथि उठाइ पृथ्वी र आकाशका सबै दिशाहरूलाई नमस्कार गर्न लाग्यो- पुर्व, पश्चिम, उत्तर, दक्षिण, तल, माथि।

३. त्यसदिन विहान सबेरै चिवर पहिरी, पात्र तथा चीवर हातमा लिई तथागत राजगृहमा भिक्षाटन गर्न निस्कनुभयो। उहाँले युवक श्रृगाललाई यसरी



Downloaded from http://www.dhamma.digital

नमस्कार गर्दै गरेको देखेर सोध्नुभयो, "तिमीले यसरी पृथ्वी र आकाशका सबै दिशाहरूको पूजा किन गरिरहेका छौ ?"

४. मर्ने बेलामा मेरा पिताले भन्नुभएको थियो, "तिमीले पृथ्वी र आकाशका सबै दिशाहरूको पूजा गर्नू । त्यसैले भगवान् ! आफ्ना पिताको वचनहरूप्रति आदर गर्दै मैले यसरी पूजा गर्ने गरेको हूँ ।"

५. तथागतले सोध्नुभयो, "तर संसारमा मानिसकालागि यस्तो व्यवहारलाई सत्य धर्म हो भनी कसरी पत्याउन सकिन्छ ? श्रृगालले भने, "उसो भए मानिसको अर्को सत्य-धर्म के हो त ? यदि त्यस्तो धर्म कतै छ भने कृपया भन्नुहोस्, त्यो त एउटा अनुपम वस्तु नै हुनुपर्छ ।"

६. "उसोभए, हे श्रृगाल ! मेरो कुरा ध्यान दिएर सुन । त्यो के हो भन्ने कुरा म भन्छु ।" "हवस्, भगवान् !" श्रृगालले जवाफ दियो । त्यसपछि तथागतले भन्नुभयो-

७. "कुनै पनि धर्म मानिसको निमित्त सद्धर्म हुन्छ भनी त्यस बेलामात्र भन्न सकिन्छ, जब त्यस धर्मले खराव कुराहरू त्याग गर्ने शिक्षा दिन्छ । प्राणी हिंसा, चोरी, व्यभिचार तथा असत्य- यी चार किसिमका व्यवहारिक कुलतहरू हुन्, त्यसको परित्याग गर्नुपर्छ ।"

८. "श्रृगाल ! यो कुरा तिमीले जानिराख- पापकर्म, पक्षपात, शत्रुता तथा मूर्खता, भयको कारणले गर्ने गरिन्छ । यस्तो प्रवृत्तिहरूबाट मुक्त मानिसहरूले कुनै पनि पापकर्म गर्दैनन् ।"

९. "कुनै पनि धर्म, मानिसको धर्म हो भनी त्यसबेला भन्न सकिन्छ, जब त्यस धर्मले मानिसको धन बरबाद गर्ने शिक्षा दिँदैन । रक्सी पिउने बानी बसाल्नाले, कुवेला राती बजारतिर घुम्न जानाले, मेला-तमासा हेर्दै घूम-फिर गर्नाले, जूवाको कुलत बसाल्नाले, कुसंगतिमा पर्न जानाले र अल्छी बानी बस्न जानाले, मानिसको धन बरबाद हुनजान्छ ।"

१०. "श्रृगाल ! रक्सीको लत बस्नजानाले छ किसिमका हानि हुनजान्छ- (१) धन हानि, (२) कलह हुनु, (३) रोग सर्ने सम्भावना, (४) दुश्चरित्रता, (५) भद्दा-नग्नता र (६) वुद्धि हानि ।"

११. "अनुचित समयमा राती बजार घुम्न जाँदा ६ किसिमका हानि हुनजान्छन्- (१) स्वयं असुरक्षित हुनु, (२) उसका बालक तथा स्त्रीहरू असुरक्षित हुनु, (३) सम्पत्ति असुरक्षित हुनु, (४) अपराधी फेला नपर्दा शंकास्पद हुनजानु (५) झूठो हल्ला फैलिनु र (६) अनेक दु:ख भोग्नुपर्ने हुनु ।"

१२. "मेला-तमाशा हेर्दै घुम्ने बानी बसाल्दा ६ वटा दोषहरू हुन्छन् (१) त्यसले सधैं नाच कहाँहुन्छ भन्ने कुरा सोचिरहन्छ (२) गाना कहाँ हुन्छ भन्ने कुरा सोचिरहन्छ, (३) बजाउनेहरू कहाँ हुन्छन् ? (४) काव्य-वाचन कहाँ हुन्छ ? (५) झ्याली कहाँ पिटिन्छ ? र (६) टमटमबाजा कहाँ हुन्छ ?"

१३. जूवा खेल्ने लत बस्न जानाले ६ किसिमका दु:खहरू भोग्नुपर्ने हुन्छ- (१) जित्नाले घृणाको पात्र बनिन्छ, (२) हार्नाले गुमेको सम्पत्तिबाट दु:खी होइन्छ, (३) जीवनगुजारा नै नष्ट हुन्छ, (४) अदालतमा उसको वचनको कदर हुँदैन, (५) ऊ मित्र तथा राज्य-कर्मचारीहरूको घृणाको पात्र हुनजान्छ, र (६) विवाह गर्ने गराउने कसैले पनि ऊसँग सम्बन्ध स्थापित गर्न खोज्दैन किनभने जुवाडेले कहिल्यै पनि आफ्नो पत्नीको पालनपोषण गर्न सक्तैन भन्ने सोचाइ हुन्छ ।"

१४. "कुसंगतिका छ वटा दोषहरू हुन्छन् (१) जुवाडे, (२) आवारा, (३) जँड्याहा, (४) ठग, (५) बंचक र (६) दुष्टहरू, उसका मित्र तथा साथी हुनजान्छन् ।"

१५. "अल्छी बानी हुनुमा छ वटा दोषहरू हुन्छन् (१) धेरै जाडो छ भनेर उसले काम गर्दैन, (२) धेरै गर्मी छ भनेर उसले काम गर्दैन, (३) धेरै सबेरै छ भनेर उसले काम गर्दैन, (४) धेरै अबेला भयो भनेर उसले काम गर्दैन, (५) धेरै भोक लागेको छ भनेर उसले काम गर्दैन र (६) धेरै खाइसकें भनेर उसले काम गर्दैन । जे जति गर्नु पर्ने हो ती सबै कामहरू उसले गर्दैन । यसप्रकार उसले नयाँ धन आर्जन गर्न सक्तैन, जे जति कमाउँछ त्यो पनि नष्ट हुनजान्छ ।"

१६. "मानिसलाई असल-खराब मित्रको पहिचान गराउने धर्मलाई नै सद्धर्म हो भनी भन्न सकिन्छ ।"

१७. "चारजनालाई मित्ररूपमा शत्रु सम्झनु पर्छ- (१) लोभी मान्छे, (२) जसले भन्छ, तर काम गर्दैन, (३) चापलुस व्यक्ति, (४) जुन व्यक्ति अपव्ययमा साथी हुन्छ ।"

१८. यसमध्ये पहिलोलाई यसकारण मित्ररूपमा शत्रु सम्झनु पर्छ किनभने त्यो लोभी हुन्छ, थोरै दिएर धेरै माग्छ । त्यसले जे गर्दछ, त्यो डरको कारणले गर्दछ र आफ्नो स्वार्थपूर्तिमा मात्र ध्यान दिइरहन्छ ।"

१९. "आफूले भनेको कुरा गर्न नसक्ने मानिसलाई पनि मित्र रूपमा शत्रु सम्झनु पर्छ, किनभने



Downloaded from http://www.dhamma.digital

उसले भूतकालको मित्रताको कुरा गर्छ, भविष्यमा मैत्रीपूर्ण मित्रताको कुरा गर्छ, मैत्रीपूर्ण व्यवहारको कुरा गर्छ, आफ्नो खोक्रो वचनद्वारा सदासयता प्राप्त गर्न खोज्छ तर काम गर्ने बेलामा असमर्थता प्रकट गर्दछ ।"

२०. "खुशामदी (चापलुसी) लाई पनि मित्ररूपमा शत्रु नै सम्झनु पर्छ किनभने उसले कुकृत्यमा सहमति दिन्छ र सुकृत्यमा साथ दिदैन । उसले सन्मुख प्रशंसा गर्छ तर पीठ पछाडि निन्दा गर्छ ।"

२१. "अपव्ययमा साथदिने मानिसलाई पनि मित्ररूपमा शत्रु सम्झनु पर्छ किनभने अनुचित समयमा बजार घुम्न जाँदाको साथी बन्छ, मेला-तमाशा हेर्न जाँदाको साथी बन्छ; जूवा खेल्दाका बखतको साथी बन्छ ।"

२२. चार किसिमका मित्रहरूलाई यथार्थ मित्र भनी जान्नु पर्दछ- (१) जो व्यक्ति सहायक हुन्छ, (२) दु:ख र सुख दुबैमा साथी हुन्छ, (३) जसले उचित सल्लाह दिन्छ र (४) जसले सहानुभूति राख्दछ ।"

२३. "मौकामा सहायक हुने साथीलाई "सुहृद" भनी जान्नु पर्दछ; किनभने उसले अरक्षित अवस्थामा सुरक्षा दिन्छ; अरक्षित सम्पत्तिलाई सुरक्षा प्रदान गर्दछ; विपन्नावस्थामा शरणस्थान बनिदिन्छ र काम-धन्दा गर्नुपर्दा आवश्यकताभन्दा दोब्बर वस्तुहरू ल्याएर सहयोग गर्छ ।

२४. "सुख-दु:ख दुबैमा साथी भइदिने व्यक्तिलाई 'सुहृद' भनी जान्नुपर्छ; किनभने उसले आफ्नो रहस्य खोली दिन्छ र तिम्रो रहस्यका कुराहरूलाई लुकाइराख्छ । दु:खको बेलामा साथ छोड्दैन र मित्रका लागि आफ्नो जीवनसम्म पनि बलिदान गर्नसक्छ ।"

■

## थः मालिक थः हे

✍ **दोलेन्द्ररत्न शाक्य**, चाकुपाट, यल ।

मेपिं सुं मदु न्है म्ही थ:गु नाथ,
अयधका मखु स्व म्ही अनाथ,
धर्म लँपु ज्वने उत्तम, जुया: सनाथ,
मजूसे म्ही स्व गबलें हे माथ ॥१॥

शरण काय् ल्व:पिं मदु सुं हे,
जिगु धका ज्वनेगु मदु छुं हे,
तरे याइपिं मदु म्हीत सुं हे,
म्हीपिं जुइमा: थ:गु द्वीप थ: हे ॥२॥

ख्वबि ल: ल: धायक सुइत स्वय् ?
ल्हा ज्वज्वलपा: सुइत छु धाय् ?
सुनानं यनि मखु अन, छु याय् ?
नाथ ख: थ:, थ:गु हे भर काय् ॥३॥

थ:गु द्वीप थ: हे जुइमा: मेपिं मखु,
थ:गु शरणय् हुँ, मेपिनिगु मखु,
कुत: याय्मा: थ:म्हं, मेपिसं मखु,
बुद्धं लँ जक क्यनि, बुया यनि मखु ॥४॥

मा:सा कायनु शरण बुद्धया,
निर्वाण मुक्तगु लँपु धर्मया,
पुण्य खेत समानगु संघया,
मखुसा च्वने थ: मालिक थ: जुया: ॥५॥

## न्ह्यचिलेमाल आर्यपिं

✍ **अमृतमान शाक्य, इतुम्वहा यें**

विश्वे शान्ति हयत
आर्य आर्याजनपिसंनं क्रान्ति याये माल थन
शान्ति शान्ति धा धां जनक्रान्ति यायमा
विनय पालन यासा
अशान्ति गन वई थुगु विश्वे ।

पञ्चशिले च्वंपिं जूसा
वइ मखुथन अशान्ति
न्यंके माल विश्वे विनयया ज्ञान
भ्रान्ति तकेना च्वंपिन्त शान्ति तयमा ।

धर्म धर्म धा धां विकृति हया च्वंपिन्त
विनयया धर्मे छ्यले माल थन
छथासं जक मखुन्हां न्यंक भन
भगवान बुद्धया धर्म ।

विकृतिया संस्कृति हाकुतिना
मानव जीवनया संस्कृति छ्येले
पुण्यकार्यया लपुसं
आर्य आर्या जनपिं न्ह्यचिले माल ।



Downloaded from http://www.dhamma.digital

# "यथार्थमय जीवन यात्रा"

✍ भिक्षु संघरक्षित, संघाराम

डुंगा एउटा- एउटा पाएका छौं हामी सबैले- नरजन्मरूपी । अगाडि समुद्र, अथाह सागर-जहाँसम्म नजरले नजारा देखिन्छ, मात्र जलाशय नै जलाशय देखा पर्दछ तृष्णारूपी । नरजन्मरूपी डुंगामा सवार भई चित्तरूपी वाहनले निरन्तर खियांउदै सम्पूर्ण जनहरू अखण्ड अनिवार्य यात्रामा सरिक हुँदै छौं । ज्ञात छैन, कहिले दुःखमुक्त गन्तब्य स्थलको प्राप्ति पनि हुने हो कि होइन, न त दिशा ज्ञान हुँदा हुँदै पनि यात्रालाई गति दिन नसक्ने हो; नै दूरदर्शन मै सीमित भई यो मानवमय जीवनकाय लुप्त गुप्त पो हुने हो, शंकै लाग्छ ।

जलकुण्ड: जहाँको स्वच्छ निर्मलताले आन्द्रा भुँडीको दृष्य पनि प्रष्टै अवलोकन गर्न कुनै कठिनाइ थिएन । यही तृष्णारूपी सागर पार लगाउन त नरजन्मरूपी डुंगामा चित्तरूपी चालकको साथमा अटूट यात्रा गर्दैछु । तापनि क्षण क्षणमा त्यसै त्यसै पनि तृष्णाकै उपज रोमाञ्चकारी दृष्यहरूमा चित्त बिना कुनै शंकोच, बिना कुनै झिन्झाहट आकर्षित हुन पुग्थ्यो । अहा ! क्या राम्रा राम्रा अनि स्पर्श गरुँ गरुँ जस्तो लाग्ने अत्याकर्षक जलजीवहरू !! कुनैको परवाह बिना नै चिन्तामुक्त वातावरणमा रम्दै नाँच्दै छन्, मनोच्छित दिशा विदिशामा स्वतन्त्रतापूर्वक विचरण गर्दैछन् / सत्य ! उनीहरूको रमणीयताले मलाई पनि रोमाञ्चकारी उमंगको जागरण नभएको पनि होइन / तब त प्रमुख लक्ष्यलाई पनि एक कुनामा थन्क्याएर उक्त दृष्यमा म मग्न भएर हराउन थालें, प्रीतिले बिलाउन थालें । कल्पनाले कल्पिन थालें जलजीवहरू कति सुखी खुशी र सन्तोषी छन्, रमणीयताले गद्गद् छन् । छलप्रपञ्च, लोभ, स्वार्थीपना पटक्कै देखिदैन, पक्कै छैन होला । कुशलाचरणमा निहित बन्न नसके पनि कुनै माध्यम-द्वारा पनि अरूलाई अहित अकल्याण पक्कै गर्नेछैन होला । कति लोभ लाग्दो ! कस्तो रमाइलो !! उफ् !!!

यात्रा: म एक्लैं कहाँ हो र ? असंख्य अनगिन्ती जनहरू यात्रा गर्दैछन् । रमणीय दृष्य म सम्मुख मात्र कहाँ होला र ? अन्यान्य स्थलमा अझ मोहक लोभलाग्दा दृष्यहरू नहोला भन्न सकिन्न । र त, समकालीन यात्रीहरू मनमा उब्जेको तिब्र ईच्छा आकांक्षालाई रोक्न असमर्थ बनेरै होला; तृष्णारूपी सागरमा फाल हालेको स्पष्ट देखें । ईच्छानुरूप, कुनै जलजीवहरूसंग खेल्न, रमाउन, विहार गर्न थालें त कुनै मनोनयन तरिकानुरूप विचरण गर्न थालें किन्तु सबैले असम्भव ! सागर गर्भमा अवस्थित भएर पनि ईच्छित ईच्छा आकांक्षा परिपूर्ण नभई नैराष्यताको घुम्टो ओढेको प्रष्ट नै दृष्टिगत गरें । अहो आश्चर्य ! उफ् महाआश्चर्य !! समकालीन मित्रहरू अब मानवाकृति नै कहाँ थिए र ? तृष्णामा सरोवर तिनीहरू त अन्यान्य जलजीवहरू सरी कोही माछा, कोही गोही, कोही सर्प, कोही भ्यागुता, कोही के कोही के मा पूर्णतः परिवर्तित भइसकेका थिए । चाहेर पनि पूर्ववत: रूपमा फर्कन अब उनीहरू चाहेर पनि असमर्थ देखिन्थे स्वयंले असम्भव प्राय गरिसकेको थियो । परन्तु कुनै नरपशुहरू अझ पनि प्रफुल्लित एवं आनन्दित देखिन्थे नै, जुन मात्र निमेषावधिको थियो । अकुशल कार्यले क्षणिक आनन्द एवं सन्तोषी प्रदान गरे तापनि अन्ततोगत्वा: दुःख कष्ट, यातनाको भयानकता सामना गर्नैपर्ने यथार्थता पनि यिनै दृष्यावलोकनबाट अवबोध गर्न पाएँ ।

सुंगुर बंगुरलाई अशुची भण्डारमा लडीबुडी गर्दा आनन्द लागे झैं मानवाकृतिबाट पतित तिनीहरूको क्षणिक हर्ष हो भन्ने कुरा ज्ञात भएर पनि बाँदर सरी चकचके र चन्चल मन न हो फोहोर भए तापनि स्पर्श गरेर अनुभव गर्न चाहन्छ, अशुचि सागर भए तापनि डुबुल्कि मार्न चाहन्छ । तब त; तृष्णामय सागरमा दुःख चिन्न नसकी सुखानुभूति गर्दै रमाइरहेका नरपशुहरूको चर्तिकलाले चित्तलाई चुम्बकले फलाम ताने झैं पो आकर्षित गर्न थाल्छ । किन्तु भरपुर प्रयासानुरूप नै चित्तलाई छटपटाहतमा रूमल्लिएका निराश प्राणीहरूमा केन्द्रित गरें जुन भयावह दयनीय परिणाम दृष्यावलोकन गरेर नै अलिक सद्बुद्धिको तुषारोपण हुन्छ । अब, पुन: आशक्तमय नशा देखेर तृष्णामय जलनिधिमा प्रवेश गरीकन अनुमानित रहस्यमय आनन्दको रसपान गर्ने ईच्छा पलाएन किनकि त्यो त अमृत होइन, बिषकुण्ड थियो, दुःखै दुःखको अविची नर्क थियो । इनारबाट कहिल्यै बाह्य संसारमा आगमन हुन नसकेको भ्यागुटा सरी तृष्णाबाट उन्मुक्त हुन नसकी वास्तविक यथार्थमय सुख प्राप्ति नभई अकुशलै अकुशल, पीडनले भरिपूर्ण लोकमा सदैव रुमल्लिरहन बाध्य प्राय: बन्नेछौं । जे होस्, उक्त घटना दृष्यले मन वैराग्यपूर्ण बनाउन साधक



Downloaded from http://www.dhamma.digital

बनिदियो, क्षणिक सुखानुभूतिको प्रलोभनमा रहरलाग्दो जीवन होमिदिने प्रबल ईच्छा जागृत हुन पाएन; दिइनँ पनि ।

किन्तु हाय् यो मन ! क्षण क्षणमा स्वभाव बदलिरहने यो मन, यात्रालाई रोकेर पनि तृष्णामय सागरमा चिहाउन पुगिहाल्छ । गल्ति थियो यो, तब त अनगिन्ती रोमाञ्चकारी रमणीय दृष्यमा चित्त पुगिहाल्छ, स्वभावानुसार आशक्तिपना प्रदर्शन गरिहाल्छ । अचानक, एक दृष्यमा पुनः आकर्षित यो मन उद्देष्यलाई बिर्सेर तृष्णामा लिप्त दिप्त हुन तम्तयार हुन्छ किन्तु उही परिवर्तित नरपशुहरूको दयनीय, उत्पीडित एवं जर्जरताले पलप्रतिपल "सावधान", "होशियार", "खबरदार", पनि गर्दै थियो । परन्तु गर्ने के, भीष्मप्रतिज्ञा त मनले पनि गरिसकेको थियो । मनमा अन्तरद्वन्दताको शुरुआत हुनथाल्छ- सुनिल सेट्टी र अक्षय कुमार को झैं युद्ध । दुबै पक्ष सनिदेओल झै जिद्दी, कुनै पनि दमित भएर बस्न नचाहने । प्रतिस्पर्धामा एकको जीत र अर्काको हार त निश्चितै थियो तर मैले तृष्णामय सागरमा लिप्त प्राणी सम्झें, अवस्था स्मरण गरें तथापि आफ्नो प्रमुख गन्तब्य स्थल दुःखमुक्त किनारा याद गरें । तब त, क्षणिकावधिको सुख अँगाल्न जीवनभरि दुःखलाई आलिंगन गर्न कदापि चाहिनँ, कत्ति पनि चाहिनँ र त, पुनः एकपल्ट यात्रा लाई गति दिन थालें दुःखमुक्त किनाराको खोजिमा ।

एउटा फूल जस्तो, पानीमा उठ्ने फोका जस्तो अनि एउटा दिवास्वप्न जस्तो अल्पमय मानव जूनि किन्तु विकट विकराल यात्रा पूर्ण गर्नुपर्ने वाध्यता तसर्थ पनि बुद्धिमत्ता पूर्ण, स्मृति पूर्वक जीवनयात्रा सम्पन्न नगरे सर्वश्रेष्ठ मानव जन्म ब्यर्थ हुने कुरामा अज्ञात होइन, ज्ञातै छु । तापनि मनको चन्चलतोल तृष्णामा एकदिन पुग्छु, जानाजानै तर्कको अशुचिमा डुब्न पुग्छु । यस उसले पनि, मनलाई नियन्त्रित राख्न भरसक प्रयत्नमा छु र पनि चित्त जल थल गगनका परिक्रमी बनिदिन्छन्, उफ् !

क्रोधरूपी ज्वाला ज्वाज्वल्यमान बनाएर हिंसात्मक कदम चाल्ने, बलियाले निर्धालाई शोषण गर्ने, स्वार्थको लागि बलिदिने, निश्चित बन्धनमा जकदिएर स्वतन्त्रता हनन् भएर बस्न बाध्य औं दुनियाँ भरका दुष्ट नीच् कार्यब्यवहार यात्राकै क्रममा चित्तको चंचलताले दृष्टिगत गरें, जुन मेरो सोचनीय शक्ति भन्दा बिल्कुलै विपरित थियो । कहिं कतै पनि कुशल कार्यको छेकछँदै थिएन । यस्तै बिषमताको परिस्थिति देखेर त आफ्नो यात्रालाई अझ दृढ गरी तिब्रगति प्रदान गर्न पुग्छु दुःखमय लोकबाट वाक्क ब्याक्क दिक्क बनेर ।

जाल जंजाल, मार बन्धनको जालोबाट अझ पनि पूर्णतः मुक्त हुन नसकेकोले नै होला, क्षण-क्षणमा, पाइला पाइलामा तृष्णाले बिभिन्न मनमोहक रूपहरू प्रदर्शन गरेर मनलाई पछार्न हरपल प्रयत्नरत नै देखिन्छ । किन्तु चित्तलाई दिगो बनाएर पथमा परेका बिघ्न बाधा पार गर्दै गएँ, क्रमशः एक एक गरी काँडाहरू पन्छाउँदै गएँ । केही पानी डुंगामै प्रवेश गर्न सफल भए पनि डुब्नबाट बचाउँदै सुस्तवेगमा भएपनि यात्रा जारी नै रह्यो, निरन्तरता पाई नै रह्यो ।

"अधुवं मे जीवितं, धुवं मे मरणं" अर्थात् बाँच्ने अनिश्चित तर मर्ने निश्चित भन्ने ज्ञान रहे तापनि, वैराग्य प्रायः बने तापनि चित्त त अझै पापी नै थियो, जुन एकरूपताका साथ उद्देश्य प्राप्ति हेतु अग्रगामी नभई वरपरका दृष्यहरू पनि आमोद प्रमोद गर्ने थियो । सम्भवतः यही मेरो भयंकर गल्ति सावित हुन पुग्यो । अकस्मात् मेरो मनमा समाविष्ट भईसकेको लाभदायक, मनमोहक तृष्णालाई केही गरेर पनि अलग्याउन असमर्थ प्रायः भएको महशुस गरें । पलप्रतिपल जालोमा जेलिएर अति आशक्तमा दस्तक दिन पुगें । अन्ततोगत्वाः नरजन्मरूपी डुंगामा छेदन गरेर प्रवेश भएको तृष्णारूपी जलले पूर्णतः डुवाएर नै छोड्यो । यद्यपि ज्ञात छ, स्वार्थ निहित कार्यवाहक गर्ने हेतु मात्र म दुःखलाई आलिंगन गर्दैछु मात्र केवल दुःखलाई । सम्भवतः त्यसबाट उम्की पुनः आफ्नो प्रमुख उद्देश्य प्राप्तिको यात्रा गर्नु हम्मे हम्मे मात्र होइन, असम्भव प्रायः छ । किन्तु म त डुबें डुबें साथमा पशुमा परिणत पनि भएको त पत्तै भइनँ सुद्धि बुद्धि विहीन नरपशुमा ।

"जुन तृष्णारूपी सागरबाट वितृष्णा बनेर भाग्दै छु, त्यहीं आएर जीवनको अभूतमय परमानन्दको अनुभूति गरें, अहा ! कस्तो मज्जा !!" तृष्णामा जकदिएर पनि प्रफुल्लित मनको उद्गार ब्यक्त भएरै छाड्यो । कस्तो विकराल अंध बिश्वासमा जकदिएको रहेछु म उफ् ! अनगिन्ती क्षेत्रमा भ्रमण गरे, नर पशुहरूको संगत परेर कति अनैतिक अकुशल कार्यमा सरिक भएँ हुँला, कति पापमय कृत्य परियोजन गरें हुँला, किन्तु ताप सन्ताप पश्चातापको आंशिक अंश पनि म मा थिएन । होश पनि कसरी ? नरपशुमा जो परिवर्तन भइसकेको छु । किन्तु तृष्णा रूपी सागरमा दीर्घ कालीनसम्म दुःखलाई सुखको संज्ञा दिएर भ्रमितावस्थामा आनन्दित



Downloaded from http://www.dhamma.digital

हुन सकिनँ न त अझ रमाउन नि । बिस्तारै मनमा परिदाहको धनधष्याले स्थान ओगट्न थाल्छ । अहो ! जुन जलनिधिमा सुख प्राप्तिको आकांक्षा बोकेर गएको थिएँ, त्यहाँ अकुशल कार्यबाट अलग्गी कुशलाचरणमा निहित बन्नु औं यथार्थमय सुखानुभूति गर्नु अमावस्यको अँध्यारो रातमा सियो खोज्नु झैं थियो । मलाई, अकुशल होइन, कुशल कार्य गर्नुछ, दुःखमा नअल्झिकन सुख प्राप्ति गर्नु, स्वार्थलाई परित्याग गरी परोपकार कार्यमा सरिक हुनुछ । किन्तु चाहेर पनि म असमर्थ असक्षम भइसकेको छु राम्रो कार्ययोजना गर्न, मंगलमय परोपकार कार्यमा सहभागी बन्न, बुद्धद्वारा निर्देशित सुमार्गमा एकचित्त एकमनले दृढ भई हिंड्न । हरे ! उफ् !!

कहालिलाग्दो अंधकारमय निशाकाल पश्चातको रविको चहिकिलो प्रकाशले धरतीको अंधकार नाश विनाश भइकन पृथ्वी जगमगाहटताले उज्यालो भए सरी, समयको क्रमिकताले एक अवस्थामा पुनः तृष्णाको सागरबाट उत्रिएर पूर्वभन्दा सुदृढ रूपले डुंगाको पुनर्निर्माण गर्न समर्थ भएँ, त्रिरत्नानुभावले । आश्चर्य लाग्दै छ, जुन छेदनलाई निर्माण गर्न सक्ने संभावना कल्पनामा पनि कल्पेको थिइनँ, आज नरजन्मरूपी डुंगा पाएर विपनामा सपना साकार भयो । जसमा सहयोग गर्ने जनहरूको गुणानुस्मरण जीवन पर्यन्त गरेर पनि शायद कमै हुनेछ । अन्तर हृदयदेखि उहाँ महापुरुषहरूलाई साधु ! साधु !! साधु !!!

अनन्त दुरीसम्म मात्र तृष्णारूपी अथाह सागर अवस्थित छ, जुन पार गर्ने प्रमुख ध्येय लिई दृढ रूपमा अग्रसर हुन प्रयत्नरत छु । मलाई लाग्दैन; पुनः क्षणिक सुख र आनन्दको प्रलोभनमा कस्सिएर पशुतुल्य जीवन यापन गर्न पुग्छु, जहाँबाट उम्कन असमर्थ भई भयानक पश्चातापको दनदनी बलेको ज्वाज्वल्यमान अग्निको परिधीमा जकडिएर जीवन ब्यर्थमा उत्सर्ग गर्नु पर्नेछ । म त किनारा पत्ता लगाउन र यात्रा लाई गतिमान बनाउन निरन्तर प्रयास गर्दैछु, गरिरहनेछु, यद्यपि बीच पथमै नष्ट-ध्वष्ट किन नबनुँ, पुनः पुनः म यही सत्मार्गमा समाविष्ट हुँदै, बुद्धद्वारा देशित दुःखबाट पूर्णतः मुक्त रहेको परम सुख निर्वाण प्राप्त गर्न अधुरो यात्रा संचालन गर्दै जानेछु यथार्थमय जीवन यात्राबाट यथार्थ सुख प्राप्त गर्दै जानेछु । हेरौं, यथार्थमय जीवन यात्रामा म कुन हदसम्म सफल हुन सकूँला । किन्तु परन्तु तपाईको यात्रा नि !? ■

# बिचाः हायका

**अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ति, तेसं ऊपसमो सुखो ।**



**बुगु दिं :**
**वि.सं. १९८१ कार्तिक १७ गते**
**आइतबार**

**मदुगु दिं :**
**वि.सं. २०५६ फाल्गुण २६ गते**
**बिहिबार**

## मदुम्ह मयजु ज्ञानशोभा तुलाधर

असं, जःधुं छ्यँ

**धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मयजु ज्ञानशोभा तुलाधर ७५ दँया वैसे मदुगुलिं वयकःया छेँजःपिन्सं अनित्य संसारयात थुइकाः दुःख धैर्य धारण याय् फयमा धकाः बिचाः हायका ।**

**- धर्मकीर्ति पत्रिका**



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय-१७

तेश्रो भाग

नानातीर्थ वर्ग

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

**[१. सिव सुत्त २.३.१ सत्पुरुषहरूको संगत]**

मैले यसरी सुनें ।

एक समय भगवान् बुद्ध श्रावस्ती स्थित अनाथपिण्डकको जेतवन आराममा रहनु भएको थियो । त्यसवेला शिव देवपुत्र ... अलग्ग एक स्थानमा उभिएर भगवान् बुद्ध समक्ष यो गाथा व्यक्त गर्न थाल्यो-

सत्पुरुषहरूसंग संगत गरी
सत्पुरुषहरूसंग नै मित्रता गरी
सन्तहरूको सद्धर्मलाई बुझ्नाले
भलो नै हुनेछ, खराब हुनेछैन ।
... सन्तहरूको सद्धर्मलाई बुझ्नाले
प्रज्ञा (ज्ञान) लाई साक्षात्कार गर्न सकिनेछ, जुन अर्को तरिकाले (साक्षात्कार) गर्न सकिने छैन ॥
सन्तहरूको सद्धर्मलाई बुझ्नाले
शोक गर्नेहरूको बीचमा रहेर पनि शोक हुनेछैन ।
... सन्तहरूको सदधर्मलाई बुझ्नाले
नाता कुटुम्बहरू मध्ये तेजीलो (शोभायमान) हुनेछ ॥
... सन्तहरूको सद्धर्मलाई बुझ्नाले
सत्त्वप्राणीहरू सुगतिमा उत्पन्न हुनेछन् ।
... सन्तहरूको सद्धर्मलाई बुझ्नाले
सत्त्वप्राणीहरू सधैं सुखी हुनेछन् ।

त्यसपछि भगवान बुद्धले शिव देवपुत्रलाई यसरी गाथाद्वारा उत्तर दिनुभयो-

सत्पुरुषहरूको नै संगत गर्नु,
सत्पुरुषहरूसंग नै मित्रता गर्नु
सन्तहरूको सद्धर्मलाई बुझ्नाले
सबै दुःखहरूबाट छुट्कारा मिल्नेछ ॥

**[२. खेम सुत्त (२.३.२) पाप कर्म नगर्नु]**

अलग्ग एक स्थानमा उभिरहेको क्षेम देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

मुर्ख दुर्बुद्धि व्यक्तिहरू विचरण गर्दै हिंड्छन्,
आफ्नो शत्रु आफै बनी पापकर्म गरेर हिंड्छन्,
जसको फल धेरै कटु हुनेछ ॥
त्यस्तो काम गर्नु राम्रो हुँदैन;
जुन काम गरेर पछि पश्चाताप गरिरहनुपर्ने हुन्छ,
आँखाबाट आँसु झार्दै रुँदै
फल भोगिरहनु पर्ने हुन्छ ॥
त्यस्तो काम गर्नु राम्रो हुनेछ,
जुन काम गर्नाले पछि पश्चाताप गर्नुपर्ने छैन,
आनन्द पूर्वक खुशी खुशी साथ
(राम्रो) फल भोग्न पाउने हुन्छ ॥
पहिला नै त्यस्तो काम गर्नु,
जसबाट आफ्नो हित हुनेछ भनेर जानी,
गाडीवान्ले जस्तै चिन्ता लिन नपर्ने तरिकाले
धीर पुरुषले पूरा पराक्रम गर्नेछ ॥
जसरी कोही गाडीवान्ले
समतल पक्की शडकलाई छोडी
उकालो, ओऱ्हालो बाटोमा लाग्दा
धूर भाँचिएर चिन्ता लिएर बस्दछ ॥
ठीक, त्यसरी नै धर्मलाई छोडी,
अधर्ममा लाग्नाले,
मूर्ख व्यक्ति मृत्युको मुखमा खसेर
(गाडीको) धूर भाँचिएको कारणले पीर लिएर बस्ने व्यक्तिले जस्तै चिन्ता लिएर बस्नुपर्ने हुन्छ ॥

**[३. सेरि सुत्त (२.३.३) दानको महत्त्व]**

अलग्ग एक स्थानमा उभिईरहेका सेरी देवपुत्रले भगवान् बुद्धलाई यस गाथा प्रस्तुत गरे-

अन्नलाई त सबैले चाहन्छन्
दुबै देवता र मानिस (मध्ये)
त्यस्तो कुन प्राणी छ,
जसलाई अन्न मन पर्दैन ?

भगवान् बुद्ध-

जसले श्रद्धापूर्वक अन्न दान गर्दछ,
अत्यन्त प्रसन्न चित्तले,
उसलाई नै अन्न प्राप्त हुनेछ,
यस लोकमा र परलोकमा ॥
त्यसैले कंजुसी नबनी मन प्रशन्न राखी खूब दान गर,
पुण्य नै परलोकमा प्राणीहरूको आधार हुनेछ ॥

भन्ते ! आश्चर्य हो, अद्भूत हो ! भगवान् बुद्धले यो ठीक नै भन्नुभएको छ कि-

जसले श्रद्धापूर्वक अन्न दान गर्दछ ... ।

भन्ते ! धेरै पहिला म सेरी नाम गरेको एक राजा थिएँ । म दानी, दानपति र दानलाई प्रशंसा गर्ने व्यक्ति थिएँ । चारै ढोका (चारै दिशा) मा मेरो तर्फबाट दान दिइन्थ्यो- श्रमण, ब्राह्मण, गरीव, बटुवा, लाचार र भिखारी आदिलाई ।

भन्ते ! जब म महिलाहरू समक्ष जान्थें, तव



Downloaded from http://www.dhamma.digital

तिनीहरूले भन्ने गर्थे- तपाईंले दान गरिरहनु भएको छ। हामीले भने दान दिइरहेका छैनौं। हामीले पनि तपाईंको कारणले नै दान गरी पुण्य कमाउन पाए राम्रो हुने थियो।

भन्ते ! त्यसपछि मेरो मनमा यस्तो लाग्न थाल्यो- "म दानी, दानपति र दान दिने कार्यलाई प्रशंसा गर्ने (देवता) हुँ।" दान दिन्छौं" भनेर कराइरहेका महिलाहरूलाई मैले के भन्ने ? भन्ते ! त्यसपछि मैले पहिलो ढोका उनीहरूको तर्फबाट दान दिलाउनको लागि छोडि दिएँ।

उक्त स्थान (पहिलो ढोका) बाट ती महिलाहरूले दान दिन थाले, (तर) मेरो तर्फबाट दान दिनको लागि राखिएको सामान भने फिर्ता आयो।

भन्ते ! त्यसपछि मेरा क्षेत्रीयहरू (जङ्गी, भारदारहरू) मकहाँ आई भन्न थाले- "महाराजको तर्फबाट दान दिइरहेको छ, र महिलाहरूको तर्फबाट पनि दान दिइरहेका छन्, तर हामीहरूको तर्फबाट दान दिन पाएका छैनौं। महाराजको कारणबाट हामीले पनि दान गरी पुण्य कमाउन पाएको भए राम्रो हुनेथियो।

... भन्ते ! त्यसपछि मैले दोश्रो द्वार (तिनीहरूको) क्षेत्रीहरूको लागि छोडिदिएँ। त्यहाँ (उक्त द्वार) बाट क्षत्रीहरूको तर्फबाट दान दिनेकार्य हुन थाल्यो, (तर) मेरो तर्फबाट दान दिनको लागि राखिएको सामान भने फिर्ता आउन थाल्यो।

भन्ते ! तब मेरा सिपाहिँहरूले ... । त्यसैले मैले तेस्रो द्वार ती सिपाहिंहरूको लागि छोडिदिएँ ... । मेरो दान फिर्ता आउन थाल्यो।

भन्ते ! तब ब्राह्मण र ग्रहपतिहरूले ... । त्यसैले मैले चौथो द्वार ती ब्राह्मण र गृहपतिहरूका लागि छोडिदिएँ।

... मेरो दान फिर्ता आउन थाल्यो।

भन्ते ! त्यसपछि (कर्मचारीहरू) मानिसहरू मेरो समक्ष आई भन्न थाले- अब त महाराजको तर्फबाट केही पनि दान दिइएको छैन।

भन्ते ! (यसरी सुनाउन आएपछि) मैले ती मानिसहरूलाई यसरी भने– (कर्मचारी) मानिसहरू हो ! बाहिरको प्रान्तबाट जति आम्दानी उठिने हो, ती मध्ये आधा जति राजमहलमा ल्याउनु र वाकि रहेको आधा भाग त्यहींका श्रमण, ब्राह्मण, गरीव बटुवा, लाचार र भिखारीहरूलाई दान दिएर पठाउनु।

भन्ते ! यसरी धेरै दिन सम्म दान दिएर मैले जुन पुण्य कमाएँ त्यसको कुनै सिमाना छैन - यतिको पुण्य छ, यतिको फल छ, यति अवधिभर सम्म स्वर्गमा रहन सकिन्छ आदि।

भन्ते ! आश्चर्य छ, अद्भूत छ। भगवान् बुद्धले एकदम ठीक कुरा गर्नुभएको छ-

जसले श्रद्धापूर्वक अन्न दान गर्दछ,<br>
अत्यन्त प्रशन्न चित्तले उसलाई नै अन्न प्राप्त हुनेछ,<br>
यस लोकमा र परलोकमा ॥<br>
त्यसैले कञ्जुसीपनालाई त्याग,<br>
मन खुल्ला राखी खूब दान गर,<br>
परलोकमा पुण्य नै प्राणीहरूको आधार हुनेछ ॥

क्रमशः ...

## ❁ धर्म प्रचार ❁ — समाचार

### नैतिक शिक्षा जागरण अभियान सम्पन्न

२०५६ फागुन २१ गते। ध्यानकुटी विहार, बनेपा।

काभ्रे जिल्लास्थित बनेपाको ध्यानकुटी विहारमा अन्तर माध्यमिक विद्यालय स्तरीय तेश्रो नैतिक जागरण अभियान सम्पन्न भयो। ध्यानकुटी विहार संरक्षण समितिले विद्यार्थीहरूलाई नैतिक तवरले जीविकोपार्जन गर्नका लागि उन्मुख गराउने तर्फ अभिप्रेरित गर्ने अभिप्राय बोकी नैतिक शिक्षा जागरण अभियान थालनी गरेको यो तेश्रो अभियान हो। काभ्रे जिल्लाका पाँचवटा बोर्डिङ्ग स्कूलहरू सिद्धार्थ, विद्यासागर, बालबाटिका, काभ्रे र पंचकुमारी गरी प्रत्येक विद्यालयबाट १२ जवान, जम्मा ६० जना विद्यार्थीहरूलाई प्रशिक्षणार्थ निम्त्याइएको थियो।

उक्त नैतिक शिक्षा जागरण अभियान प्रशिक्षणमा कोण्डन्य संघारामले 'नैतिकता जीवन जिउने कला' भिक्षु सुशीलले 'दैनिक जीवनमा शिष्टाचार', गुरुमां वीर्यवतीले 'विद्यार्थी जीवन र नैतिक पक्ष' तथा भिक्षु निग्रोधले 'समाजमा नैतिकता नै किन ?' भन्ने विषयहरूमा जागरण प्रशिक्षण दिनु भएका थिए।

प्रशिक्षण अभियानको समापन समारोहमा सिद्धार्थ बोर्डिङ्ग हाइस्कूल र विद्यासागर बोर्डिङ्ग हाइस्कूलका छात्र तथा छात्राहरूले नैतिक शिक्षा जागरण अभियानबाट आफूहरूले प्राप्त गरेका अनुभव र यस्का महत्त्वका बारेमा आ-आफ्ना भावना व्यक्त गरेका थिए। ध्यानकुटी विहार संरक्षण समितिको तत्त्वावधानमा संचालित उक्त जागरण अभियानका लागि आवश्यक खाना-चियापान एवं अन्य व्यवस्थाका लागि आवश्यक सहयोग ध्यानकुटी विहारका प्रमुख भिक्षु अश्वघोष महास्थविरको सौजन्यमा प्राप्त भएको थियो।



Downloaded from http://www.dhamma.digital

# छिमेकी देशहरूसंग स्नेह सम्बन्ध-२

✍ आचार्य सत्यनारायण गोयन्का

बुद्ध शिक्षाको स्रोतलाई वैदिक बताउनु-

यस्तै एक कार्यशालाको पुस्तक मलाई प्राप्त भयो, यसलाई मैले सरसरति हेरें । यसबाट एउटो कुरो अझ प्रष्ट भयो, कार्यशालाका लगभग सबै भारतिय पंडितहरूले बुद्ध शिक्षाको वास्तविक स्रोत वैदिक परम्परा नै हो भन्ने कुरोलाई सिद्ध गर्न चाहन्थे । बुद्ध अनुयायीहरूले यसलाई स्वीकार गर्नु पर्दछ भन्ने उनीहरूको आग्रह थियो । जबकि छिमेकी (देश) ले यसलाई कसरी स्वीकार्ने छ ? किन स्वीकार्नेछ ? उनीहरूले बुद्ध शिक्षालाई एक स्वतन्त्र श्रमण परम्पराको रूपमा स्वीकार्दै आएका छन् । यस्तो अवस्थामा उनीहरूले आफ्ना सारा मान्यताहरूलाई तिलाञ्जली दिई "बुद्ध समक्ष आफ्नो तर्फबाट अरुलाई दिनको लागि केही छैन, उहाँले जति दिनुभयो, ती सब बैदिक परम्पराबाट उधारो लिएरै मात्र दिनुभयो ।" भन्ने यस मिथ्या कथनलाई स्वीकार्नेछ भनी आशा राख्नु उचित होला ? जबकि तथ्य सर्वथा यसको विपरित छ । वास्तविकता यो छ कि बुद्धले एक अनुत्तर वैज्ञानिकले जस्तै यो अनुसन्धान गर्नुभयो कि मानिसहरूले आफ्नो इन्द्रियहरूको विषयको सम्पर्कमा आई यसलाई ठीक या बेठिक बुझेर (छुट्टाउन सके) उनीहरूले यसप्रति राग या द्वेष उत्पन्न गर्नेछैन, त्यसबेला यी मान्यता प्रचलित थिए र आज पनि अनेक मानिसहरू यसरी नै सम्झने गर्छन् । बुद्धले त्यस समय सम्म (कसैले पनि) थाहा पाउन नसकिराखेको सत्यता" विषयहरू इन्द्रियहरूसंग सम्पर्कमा आउने वित्तिकै शरीरमा सुखद या दुखद संवेदना उत्पन्न हुने गर्छ, त्यस संवेदनाबाट राग वा द्वेष उत्पन्न हुने गर्छ ।" आदि विषयमा अनुसन्धान गर्नुभयो । विश्वका महान वैज्ञानिक बुद्धले मानव जातीको कल्याण गर्न मन र शरीरको पारस्परिक सम्बन्धको विषयमा धेरै ठूलो अनुसन्धान गर्नुभयो जसको फलदायी परिणाम त्यस समयमा पनि प्राप्त भए र आज पनि प्राप्त भइरहेका छन् । शारीरिक संवेदनाहरूको माध्यमबाट मानसिक विकारहरूलाई जरा देखि नै उखेल्ने यो एक बैज्ञानिक विद्या प्रकाशमा आए । यस बिद्याको बारेमा उहाँ स्वयं यही भन्नु हुन्छ, कि म भन्दा पहिला जो बुद्ध हुनुभयो उहाँले यही विद्या प्रयोग गरी भव विमुक्ती प्राप्त गर्नुभएको थियो । यस पुरातन विद्या जुन विश्वबाट लोप भइसकेको थियो, बुद्धले यसलाई नै अनुसन्धान गरी भव विमुक्तिको यस पुरातन मार्गलाई फेरि प्रकाशनमा ल्याउनु भयो । कोही पनि बुद्ध अनुयायी जसले यस विद्याको बारेमा अलिकति भएपनि जानकारी राखेको छ, उसले "बुद्धले कसैलाई आफ्नो तर्फबाट केही दिनु भएको छैन, जुन दिनुभएको छ, त्यो पनि वैदिक परम्पराबाट लिएर मात्र दिनु भएको छ" भन्ने भनाईलाई कसरी स्वीकार गर्न सक्छ ? बिद्या प्राप्त हुने बित्तिकै बुद्धले जुन उद्‌गार ब्यक्त गर्नुभयो र जुन उद्‌गारलाई त्यस देशमा सधैं पाठ गरिन्छ, त्यो यस प्रकार छ-

पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ... ... । (पहिला कहिल्यै पनि नसुनेको त्यस धर्मबाट मेरो अन्तर चक्षु खुल्यो ... ... ।) जुन धर्म उहाँले कहिल्यै सुन्नुभएको थिएन, त्यसलाई उहाँले वेदबाट प्राप्त गर्नु भएको हो भनेर (अन्दाजी लगाइएको) कुरोलाई कसैले कसरी मान्न सकिन्छ ?

यस सम्बन्धमा ऐतिहासिक सत्यलाई बुझ्नको लागि अर्कै एक दृष्य हाम्रो सामु रहेको छ । सम्यक सम्बोधि प्राप्त गर्नु भई भगवान बुद्धले आफ्नो प्रथम उपदेश दिनको लागि बुद्धगयाबाट ऋषिपतन मृगदावन (सारनाथ) तिर प्रस्थान गरिरहनु भएको बेला बाटोमा आजीवक सम्प्रदायका उपक नाम गरेको एक नांगो सन्यासीलाई देख्नु भयो । बोधीज्ञानको प्रभावबाट तेजीलो हुनु भएका भगवान बुद्धको रश्मी र शान्तिपूर्ण अनुहार देखी धेरै प्रभावित भएका उसले भगवान् बुद्धसंग यसरी प्रश्न गर्न थाल्यो "को वा ते सत्था ?"- तिम्रो गुरु को हो ?

**"कस्स वा त्वं धम्मं रोचेसि ?"**-तिमीलाई कसको धर्म रुचिकर लाग्दछ ?

यति भनेपछि भगवान् बुद्धले उत्तर दिनुभयो,

**"विमुत्तो सयं अभिञ्ञाय"**-म स्वयं आफैले अभिज्ञान प्राप्त गरी विमुक्त भएको छु ।

**"न मे आचरियो अत्थि"**-म एक्लो सम्यक सम्बुद्ध हुँ ।

सम्बुद्ध त्यसैलाई भनिन्छ, जो सयम्भू हुनुहुन्छ, (जसले) बिना कोही गुरु स्वयं परम सत्यको मार्ग खोजी त्यसलाई प्राप्त गर्छ । जुन भवविमुक्तिको मार्गलाई एक सम्यक सम्बुद्धले खोजेर लोकहित गर्नको लागि बताउनु हुन्छ, त्यो कालान्तर पछि लोप भएर जान्छ । जब कुनै अर्को बोधिसत्त्वले यसलाई फेरि अनुसन्धान गरी प्रकाशनमा ल्याउँछ, तब त्यसलाई सम्यक सम्बुद्ध भनिन्छ । पहिलाको सम्यक सम्बुद्ध काश्यपद्वारा पत्ता लगाउनु भएको विमुक्ति मार्ग लोप भइसकेको थियो त्यसलाई उहाँ पछि आउनु भएका गौतम सम्यक सम्बुद्धले अनुसन्धान गरी पत्ता लगाउनु भई सर्वसुलभ



Downloaded from http://www.dhamma.digital

पार्नुभयो । यस्तो अवस्थामा श्रमण परम्पराको महापुरुष गौतम बुद्धले वैदिक परम्पराबाट ज्ञान प्राप्त गर्नु भएको हो भनी मिथ्या वचन प्रकट गर्दा यसले बुद्ध अनुयायीहरूका लागि असह्य हुनु स्वाभाविकै हो । यस्तो नितान्त असत्य कुरो नगरी यी दुबै स्वतन्त्र आध्यात्मिक पुरातन परम्पराहरूले समय समयमा पारस्परिक आदान प्रदानद्वारा एक आपसमा प्रभावित गरेका छन् भनी केवल यति मात्र भनेको भए यो कुरो धेरै सत्य हुनुको साथै सजिलै स्वीकार्य पनि हुने थियो ।

भारत एक महान देश हो । धेरै पहिला देखि यस देशमा भिन्न भिन्न मतमतान्तर, भिन्न भिन्न आध्यात्मिक परम्पराहरू जनमती र पनमतीहरू रहेका छन् । २६०० वर्ष पहिलो यहाँ अनेक परम्पराहरू जनमान्य थिए जसमध्येबाट दुई प्रमुख थिए जुन चिरकाल देखि चल्दै आइरहेका थिए । एउटा थियो श्रमण परम्परा र दोश्रो थियो ब्राह्मण परम्परा । यी दुबै परम्पराका अन्तिम लक्ष भव संसारबाट मुक्त हुनु हो । तर यी दुबै परम्पराहरूको कार्यप्रणाली भने बिल्कुलै भिन्न थिए । श्रमण परम्पराले प्रत्येक ब्यक्तिलाई आफ्नै मेहनतबाट मुक्ति प्राप्त गर्नुपर्ने कार्यलाई प्राथमिकता दिने गर्छ, जबकि ब्राह्मण परम्पराले कुनै देवता वा ब्रह्मासंग मुक्ति मागी मुक्ति प्राप्त गर्ने प्रथालाई महत्त्व दिने गर्छ । बुद्ध श्रमण सँस्कृतिका उन्नायक हुनुहुन्थ्यो । घर त्यागी सत्यको खोजीमा बाहिर निस्कनु हुँदा आफ्नो राज्यको सीमा बाहिर पुग्ने बित्तिकै उहाँले पहिलो काम आफ्नो शीरको कपाल र दाढी जुंगा खौरनु भयो र श्रमण भेष धारण गर्नुभयो । त्यसबेला भारतमा श्रमणहरूलाई यसरी नै चिनिने गर्थ्यो । त्यसैले उनीहरूले सधैं श्रमण गौतम अथवा महाश्रमण भन्ने नामले बोलाउने गर्थे । दुबै परम्पराहरू बिच परस्पर विरोध र वैमनस्य भाव रहेको थियो । त्यसैले एक परम्पराका ब्यक्तिले दोश्रो परम्पराका ब्यक्तिलाई अपशब्द पनि प्रयोग गर्ने गर्थे । ब्राह्मणहरूले श्रमणलाई "ये च खो ते, मुण्डका समणका इब्भा कण्हा बन्धु पादापच्चा" अर्थात् (यी जुन मथमुंडे श्रमण हुन्, जुन इब्भ हुन अर्थात् नीच हुन्, कालो छ, ब्रह्माको पाइतालाबाट उत्पन्न भएका हुन) भन्दै अपमान गर्थे । बुद्ध पनि यी शब्दहरूबाट अनेकौं पटक अपमानित हुनु भएका थिए । यसरी नै श्रमणहरूले ब्राह्मणहरूलाई "अन्तोजता बहिजटा" तथा "जटिल" भन्दै लाञ्छना लगाउने गर्थे । बुद्ध श्रमण परम्पराको शास्ता हुनुभएपनि यस पारस्परिक विद्वेषलाई हटाउन आजीवन प्रयत्नशील रहनु भयो । त्यसैले उहाँले बाहिरी देखावटीलाई महत्त्व नदिई श्रामण्य र ब्राह्मण्यलाई एउटै ब्याख्या गर्नुभयो र त्यो थियो चित्तको नितान्त निर्मलता । यसरी उहाँले यो सिद्ध गर्नु भयो कि दुबैको लक्ष एउटै नै हो । परन्तु मार्ग त भिन्न थिए नै । श्रमण सँस्कृतिका उन्नायक बुद्धले श्रमण परम्पराको अनुकूल कहिल्यै मोक्षदाता हुनुमा दावी गर्नु भएन बल्कि स्पष्ट शब्दमा भन्नुभयो कि केवल उहाँमात्र होइन भूतकालका जति पनि तथागतहरू हुनुहुन्छ, उहाँहरू सबैले केवल मार्गमात्र बताउनु भएको छ । त्यसैले उहाँ केवल मार्गदाता मात्र हुनुहुन्छ, मुक्तिदाता होइन । मुक्तिको लागित प्रत्येक ब्यक्तिले आफै परिश्रम र पुरुषार्थ गर्नु पर्नेछ - "तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता" । कोही ब्यक्ति कसैको कृपाबाट मुक्त हुन सक्दैन । कसैको कृपा त केवल यही हुन सक्छ, जब कोही ब्यक्ति मुक्ति मार्गमा लागि रहेको हुन्छ, उही ब्यक्तिले (मुक्तिमार्गमा जान चाहने ब्यक्तिलाई) बाटो सम्म देखाइ दिन सक्छ । ब्राह्मण परम्परामा, जसलाई मैले याचक परम्परा भन्न उचित ठानेको छु, त्यसमा कसैलाई प्रार्थना गरी उसको कृपाबाट मुक्ति प्राप्त गर्न सक्नुमा दृढ मान्यता दिइएको छ ।

मलाई यी दुबै मध्ये कुनै एकलाई ठीक र अर्कोलाई बेठिक भन्न आवश्यक छैन । तर दुबैको स्वतन्त्र अस्तित्त्वलाई त स्वीकार्नु नै पर्दछ । दुबैले आ-आफ्नो स्वतन्त्र परम्परा लाई नकार्दैमा उनीहरूको ऐतिहासिक सत्यलाई भुल्न सकिदैन । छिमेकी देशहरूसंग सम्बन्ध सुधार्नको लागि हामीले उनीहरूको श्रमण परम्पराको मान्यतालाई बढि नभए पनि त्यति भएपनि महत्त्व त दिनै पर्छ, जति याचक परम्पराहरूलाई दिइने गरिन्छ । तर (यति गर्दैमा) श्रमण परम्परा अनुयायीहरूले वेदको याचन परम्परा स्वीकार गरी उनीहरूसंग मिल्नेछ भन्ने आशा राख्नु चाहिं बिल्कुल गलत हुनेछ । दुबै परम्पराहरू भारतको महत्त्वपूर्ण धरोहरहरू हुन् । दुबैलाई समान महत्त्व दिनाले कहिं विग्रह विरोधको अवसर आउने छैन । यसको विपरित बुद्धको शिक्षा वैदिक परम्पराको उपज हो भन्ने कथन विग्रह विरोधको कारण बन्नेछ । मलाई यस्तो लाग्छ, यदि बुद्ध अनुयायी देशहरूसंग मित्रताको स्नेह सूत्रमा बाँधिनु छ भने उनीहरूको मान्यतालाई हेला गर्दै उनीहरूलाई नै आफू तर्फ तान्ने आशा गर्नु ब्यर्थ हुनेछ । त्यसैले मेरो विचारमा राम्रो परिणाम प्राप्त गर्नको लागि यी कार्यशाला-हरूको मूल आधारलाई नै परिवर्तन गर्नु पर्ने देखिन्छ । ठीक त यसैमा हुनेछ, भारतको वैदिक र श्रमण दुबै परम्पराहरूलाई समान महत्त्व दिई छिमेकी-हरूसंग मिल्ने सद्प्रयास गरौं । यही कल्याणकारी सावित हुनेछ । कसैलाई आफु भन्दा हीन सिद्ध गरी उसैलाई आफ्नो मित्र बनाउन खोज्नु यो ब्यबहारिक नीति ठहरिदैन ।



Downloaded from http://www.dhamma.digital

आज यस कार्यशालामा भाग लिएका सहभागीहरू मध्ये कतिपय सहभागीले विदेशी शिष्टताको नाताले र पूरा कुरा बुझ्न नसकिरहेको कारणले पनि (कार्याशालामा प्रस्तुत गरिएका) बिचारधाराहरूको बिषयमा बिरोध नगर्न सक्छन् । परन्तु भविष्यमा जब उनीहरूलाई वास्तविक वस्तुस्थितिको ज्ञान हुन जान्छ, तब उनीहरूले महशूस गर्नेछन् कि उनीहरूलाई धोखा दिइएको छ । तब त्यही व्यक्ति घोर विरोधी बन्न सक्नेछ । यस कार्यशालामा भाग नलिने व्यक्तिहरू समेत पनि यस प्रकारका कुरा सुनेर बिरोधी बन्न सक्नेछन् । त्यसैले यस कार्यशालाको दूरगामी परिणाम राम्रो हुनेछैन । मैले यो कुरो स्पष्ट देख्दछु । जब सम्म यस कार्यशालाको लागि सत्य मानसिकताको आधार बनाईदैन, तबसम्म परिणाम विपरित नै आइरहनेछ ।

क्रमशः ...

★

## ❁ धर्म प्रचार ❁

## समाचार

### माघे संक्राति बौद्ध सभा

ललितपुर, माघ १ गते ।

पाटन दरवार क्षेत्र स्थित विश्व मैत्री विहारमा माघे संक्रान्तिका अवसरमा मनाएको बुद्ध पूजा तथा बौद्ध सभामा पञ्चशील प्रदान पछि भिक्षु सोभनले चित्त शुद्ध गरी शील पालन गरेर दान गरेमा सुगति तर्फ लाग्न सकिन्छ भनी देशना गर्नु भयो ।

श्री पुरुषरत्न धाख्वाले बैज्ञानिकहरूले भौतिकविकास गरेपनि आध्यात्मिक विकास गर्न सकिरहेको छैन । ड्राइभरले मोटरलाई ठिक दिशामा हांकि गन्तब्य स्थानमा पुऱ्याउने अनुरुप ड्राइभर रूपि चित्तले मोटर रुपि शरीर द्वारा कुशल कर्म गराइ आध्यात्मिक विकास तिर अग्रसर हुन सक्ने कुरा माथि प्रकाश पार्नु भयो ।

श्री लोक बहादुर शाक्यले माघे संक्रान्तिमा घ्यू, चाकू, तरुल खानाले शरीरमा गरम उत्पन्न गराई स्वास्थ्यको रक्षा गर्दछ भन्ने मनसाय भएको र यस पर्वबाट मैत्री भावना जागृत गर्ने दार्शनीक महत्व छ भन्नुभयो ।

सभामा श्री भाई लाल महर्जन, श्रीमती मोहन महर्जन र श्री प्रेम वहादुर वज्राचार्यले पनि बोल्नु भएका थिए ।

### विहार दर्शन कार्यक्रम

मानिसहरूलाई भक्ति मार्गमा मात्र होइन, ज्ञानमार्गमा पनि लानुपर्ने कुरोलाई महशूस गरी स्थापना गरिएको स्वयम्भू धर्मपासा पुचःले प्रत्येक महिनामा विहार दर्शन कार्यक्रम संचालन गरिरहेको छ । उक्त कार्यक्रममा बुद्धपूजा, अन्तरक्रिया, छलफल र विहार आदिको समस्याहरू बारे रचनात्मक कार्यहरू गरी आवश्यक मद्दत पुऱ्याउँदै आएको कुरा बुझिएको छ ।

यही क्रममा २०५६ फागुण १४ गते खोकनामा उक्त कार्यक्रम सम्पन्न भएको समाचार छ । भिक्षु कौण्डञ्ञ र कुशुम गुरुमांले धर्मदेशना गर्नु भएको उक्त कार्यक्रममा प्रकाश तुलाधर, अमृत रत्न शाक्य र देवबहादुर आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । करीव १०० जवान भन्दा बढि भक्तजनहरूले भाग लिएको उक्त कार्यक्रममा परियत्ति शिक्षा विषयमा अन्तरक्रिया कार्य पनि संचालन गरिएको थियो ।

### नेपालमा कोरियन बौद्ध यात्रा

नेपालका भिक्षु कोलित र भिक्षु सद्धातिस्सहरूको विशेष निमन्त्रणामा कोरिया र अन्तर्राष्ट्रिय बौद्ध जगतमा सहयोग पुऱ्याइरहनु भएका लोटस लाटर्न इन्टरनेशनल बुद्धिष्ट सेन्टरका प्रमुख भिक्षु बोन म्योन्ग सुनिम उहाँका बौद्ध उपासक उपासिकाहरूको साथमा बौद्ध यात्राको निमित्त २०५६ फागुण १० गते नेपाल आइपुग्नु भएको थियो ।

स्वयम्भू, बौद्ध, क्वाःबहाःका गोल्डन टेम्पल, लुम्बिनी, रामग्राम, चितवन, पोखरा र टोखा आदि स्थानहरूमा यात्रा गर्नुभई अन्तिम दिन भिक्षु श्रश्वघोष लगायत अन्य भिक्षु र गुरुमांहरूको तर्फबाट संघाराम विहारमा आयोजित स्वागत कार्यक्रममा भाग लिनु भएको थियो । उक्त कार्यक्रममा बोल्नुहुँदै भिक्षु बोन म्योन्ग सुनिमले बुद्ध जन्मनुभएको देशमा उहाँले सक्दो सहयोग गर्ने विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा आइ बी एफ जेनेभाका प्रमुख डा. चन्द्रा पिन्नगोडा लगायत थुप्रै विदेशी पाहुनाहरूले भाग लिएका थिए ।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू :**

| | | |
|---|---|---|
| क्र.सं. ३१४ | **सुजाता शाक्य**<br>हौगल, पाटन<br>रु. १०२५ | |
| क्र.सं. ३१५ | **निल हेरा कंसाकार**<br>प्यंगथां<br>रु. १०१०/- | |
| क्र.सं. ३१६ | **तुल्सा कटुवाल**<br>जयनेपाल, नक्साल<br>रु. १०१०/- | |
| क्र.सं. ३१७ | **राजेश श्रेष्ठ**<br>जयवागेश्वरी, काठमाडौं<br>रु. १००५/- | |



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन समाजया लोक महोत्सव छगू चर्चा-२

✍ कृष्ण कुमार प्रजापति

२. **कौमुदी-महोत्सवः** गुकिंयात भीसं "सामाज्या" अर्थात सामा दुकायूगु ज्या धया ।

सामा दुकायूगु ज्या सिधयवं भीसं नं छुं नं छुं कथं भोय् न्याय्का वया च्वना । अत्थे हे बुद्ध कालीन समाजयूनं सामाज्या सिधःगु कथं कार्तिक पुन्हि अर्थात् कतिं पुन्हि कुन्हु कौमुदी- महोत्सव याना च्वनी । बौद्ध साहित्य- पालि निकायलय् थ्व पर्व, उत्सवयात कौमुदी अथवा "कत्तिका" धका न्ह्यःथना तःगु दु) कार्तिक पुन्हि अथवा कतिं पुन्हि यात शरद-पून्हि नं धायूगु या । शरद-पुन्हिया तिमिलाजतिं सुयागु जक हृदय, नुगःलय् आनन्दया रक्तसंचार मज्वी ? तिमिलाया जः थिना च्वनिगु थुलि यइपुसे न्ह्याइपुस्से च्वनि कि उगु इलय् सर्गतय् सुपाँय् छकुचा हे दै मखु, निर्मल सर्गतय् भ्रः भ्रः मभ्रः धाय्का तिमिला त्वया च्वनिगु अतिकं न्ह्याइपुसे च्वनि । ज्यापू तय्के अर्थात बुँज्यायाइपिंके थःगु मेहनत व परिश्रम या फल कथं सामाज्या द्वहां वया च्वंबले, भीगु मन लय्ताया च्वंबले न्ह्याथाय् स्वसां बाँलाइगु न्ह्याइपुस्से च्वनिगु इलय् कतिं पुन्हि, अन्नपूर्ण पुन्हि वा शरद ऋतुया पुन्हिया तिमिला जः लंनं भीत अत्थे हे न्ह्याईपुक च्वनिगु दिंकुन्हु हनिगु उत्सवया थःगु विस्कं मू दैगु हे जुल । अज्यागु उत्सव धुमधाम नक्सां हना वया च्वंगु जुल । अतिकं लोकं ह्वागु म्ये "स्वाँःया म्ये" बाऱ्हमासलय् तया हालिगु म्येः नं शरद ऋतुया बर्णन यानातःगु थन न्ह्यःथने बहःजू "आश्वीनं तुलसी, लवं जिफो स्वांनं, कार्तिकं ग्यानथुकुं, गोदावरी स्वांनं । शरद ऋतुसं चन्द्रमाया तेजंनं, उईनिथें नेन प्रभु छिगु बिरहनं रे ॥

थ्व पद्याशं सिईदु कि शरद पूर्णिमाया चान्हे तिमिला जः गुलि तिलिमिलि धाय्का उईनिथे जुयमाय्का अय्याय्माः थय् याय्माः मदेक अत्थेजुयमाःथें थत्थे जुयमाःथें च्वंक मन चञ्चल याना बिईगु थ्व पुन्हिकुन्हु बुद्धकालीन मनुतय्सं कौमुदी महोत्सवया मू थुइका थ्व उत्सव न्ह्याका, हना वया च्वंगु जुल । दिर्घ निकायलय् नं न्ह्यःथना तःगु दु मगध नरेश अजातशत्रुं शरद पुन्हि, कतिं पुन्हिया तिमिला या जः या शोभा अवलोकन याना मनय् हर्षित जुया आनन्द कया च्वनिगु जुया च्वन । कौमुदीया चान्हे राजदरवारया कौशी, बार्दली, बुर्जाय् च्वना राजामात्य (जुजुया अमात्य) पिंसं घेरेयाका, अमात्यपिं नापं च्वना कौमुदीया चान्हसिया वर्णन याना च्वनि, शरदपुन्हि, कतिपुन्हिया तिमिलाया जः नापं आनन्द कया न्ह्याइपुक च्वनिगुजुया च्वन । थ्व कौमुदी महोत्सव नं दयदशकं हे हनिगु उत्सव खः ।

थ्व कौमुदी, कतिया उत्सवया बारे जातकय् यक्वः हे च्वछाया न्ह्यःथना तःगु दु - थ्व उत्सव, वर्ष उबले दकले तःजिक हनिगु लोकं ह्वागु महोत्सव खः । थ्व महोत्सव छगु तिहार (स्वन्ति नखः) खः उकिंथ्व उत्सवय् तःमि चिमि, मिसा मिजं, ल्याय्म्ह ल्यासे, बुराबुरीपिं सकसिनं नं उतिकं हनिगु नखः खः । राजगृह, बाराणसी श्रावस्ती थें जागु अतिकं लोकं ह्वागु नगरय् दँयदशकं कौमुदी महोत्सव धुमधाम नक्सां, भ्रः भ्रः धाय्का हनिगु खँ जातकय् न्ह्यः थनातःगु दु । उम्मदन्ती जातकय् थत्थेनं न्ह्यःथना तःगु दु - कौमुदी वा कत्तिका महोत्सव ज्वीगु दिं कुन्हु नगर परिक्रमा याय्त जुजुयात भव्यनक्सां सवारी याईगु जुलसा सवारी जुईवले बाँलाम्ह बःलाम्ह सल छम्हेसिनं साय्किगु, सल बग्गी जुजुयात भव्य नक्सां तया उकिंया ल्यू ल्यू लावालस्कर भाई भारदारपिं च्वना दरवारं पिहा वइगु बखतय् दरवारं सुन्दरी मिस्तय्सं स्वाँ वा गाका पिहाँ वया नगर परिक्रमा याईगु अतिकं यइपुस्से न्ह्याई पुस्से च्वं । उकुन्हुया निम्ति नगर या शोभा उतिकं हे बाँलाका छाय्पियाः तईगु जुल । चान्हे नगरबासी सकसिनं थःथःगु छेँ मतः च्याका नगर अतिकं न्ह्याइपुस्से स्वस्वंहे स्वय् मगाका छाय्पिया तइगु जुयाच्वन ।

अत्थे हे संजीव-जातकय् न्ह्यःथना तःगु दु- अजातशत्रु या राज्य कालय् कतिका वा कौमुदी महोत्सव ज्वीबले राजगृह नगर यात देवनगर तुल्य छाय्पिया बाँलाक, यइपुस्से न्ह्याइपुस्से च्वंक तईगु खः । थ्व उत्सव ज्वीबले नगरवासी तय्त बिदा बिइगु जुया च्वनसा थ्व हे उत्सव या चान्हे पाखे नगरया शोभा स्वय्त व मेमेगु थिथि कथंया मनोरञ्जन स्वय्त सकलें पिहाँ वया नगर चाहुला च्वनिगु जुल । मिसातय्सं फयां फक्व बाँलाक वसः तं पुना, तिसां तिया नगरय् उत्सव हनाच्वनी । गुलिं मिसात नगर चाहुला थि थि कथंया प्याखँ, म्ये हालिगु स्वया च्वनिगु जुल । कौमुदी महोत्सव नं मेला पर्वथें याना न्ह्यन्हुतक नं अर्थात छ्वाः तक नं आनन्द पूर्वक नयाः, त्वना, तिया हनिगु जुल । थ्व महोत्सव ज्वीबले नगर बासी जनतातय्त 'भेरी' धैगु बाजं पुया थाना सूचं बिइगु जुल । थज्यागु लोकं ह्वागु पर्वत आतकं हिन्दू समाजय् जुया च्वं, बरु थुकिंया रुपान्तर जुई धुंकल धासां पाईमखु । आः नं भीसं कत्तिका वा कौमुदी महोत्सवकथं कार्तिक लच्छिइयकं भजन याना, म्ये हाला कतिं पुन्हि कुन्हु बाचा तक म्ये हाला भजन याना क्वचाय्केगु याना च्वनागु हे दनि । अत्थे हे आः नं भारतया सोनपुरय् व हरीहर क्षेत्रय् कार्तिक लच्छिइयकं मेला जुइगु, स्नान याइपिनिगु हुल यक्वः हे दु । कतिं पुन्हिकुन्हु हरीहर लागाय् जुइगु मेलायात नं भीसं कौमुदी महोत्सव या रुपान्तर मधासे हे मगाः ।

३. **साले-भञ्जिकाः** बौद्ध साहित्य पालि-निकायकथं धाय्गु खःसा बुद्धकालीन समाजया मनुत छुँ निश्चीत दिं तिथि कुन्हु शाल सिमादुगु वन जंगलय् वना शाल-पुष्प (धुँसिमा-स्वाँ) थ्वया थिथि कथं म्हिता प्याखँ हुलेगु याना हनिगु उत्सव खः । थ्व उत्सव यात "साल-भञ्जिका" धागु या अर्थ खः" शाल-पुष्प (धुँसि-स्वाँ) थ्वय्गु पाणिनिजुं थःगु



Downloaded from http://www.dhamma.digital

ग्रन्थ "अष्टाध्यायी" लय् उल्लेखया कथं थ्व शाल-भञ्जिका उत्सव प्राच्य-भारतय् प्रचलित जुया उबले हे लोकं ह्वागु उत्सव खः । थ्व उत्सव उवलेया मगध राज्य व जवखवंया लागाय् नं शाल-भञ्जिकोत्सव विशिष्ठकथं हनिगु जुल । पालि साहित्य जातक निदान-बाखँनय् 'शाल-भञ्जिका' या बारे न्ह्यःथना तःगु दु - "कपिलवस्तु व देवदह राज्यया दत्थुई छगू पवित्रगु शाल बन (धुँसिमाया जंगल) दु, थ्व शालवन निगु राज्यया, नगरया अधिकार दुगु जुया च्वन । थ्व हे शालवन यात "लुम्बिनि" बन धैगु खः । उबले थ्व पवित्रगु शालवन या फुक्क हे धुँसिमाय् क्वनिसे च्व थ्यंकं धुँसि स्वाँ ह्वय् च्वंगु जुल । धुँसि-स्वाँ पतिकं भवःत भुईं भुईं हाला ब्वया जुईगु, थि थि कथंया भ्रंग पन्छीत नाईस्से यइपुस्से च्वंगु सः । पिक्या हाला ब्वया जुइगु जुलसा पवित्र लुम्बिनी वन जंगल छगुली हे थिथि ऊन (रंग) या कचा मचा स्वाँ सिमा पाय्छि जुइका छाय्पिया तय्थें च्वंका शोभायुक्त वन स्वय् हे छम्ह तेजस्वी जुजुया नृत्य-मण्डप थें, प्याखँ हुईगु दबू थें च्वं । पवित्र लुम्बिनी वनया थज्यागु शोभायात स्वय्गु, नजर याय्गु याना च्वंबले लानी महा मायादेवी मनय् वनय् स्वाँ बगिचाय् छकः बाँलाका चाहुलेगु इच्छा जुया थःम्ह परिचारिका सखीपिंनापं पवित्रगु लुम्बिनी बनय् चाह्यु बिज्यागु खँ जातकय् न्ह्यःथनातःगु दु । अत्थे हे अवदान-शतकय् नं छगु इलय् भगवान् बुद्ध श्रावस्तीया जेतवन महाविहारय् च्वंना बिज्यागु बखतय् श्रावस्ती शालभञ्जिका-समारोह हंबले सलंसः द्वलंद्वः मनुत मुना शाल पुष्प, धुसि स्वाँथ्वया हया सारा नागरीकत आनन्दं मनया लसता पिकया प्याखँ हुया, म्हिता उखें थुखें चाहुला शाल-भञ्जिका महोत्सव हंगु खँ न्ह्यःथनातःगु गुबले हे लोमंके फैमखु, जीमखु ।

४. **सुरानक्षत्रः** पालि साहित्य जातक बाखँनय् सुरानक्षत्र उत्सव कुन्हु नगरबासी मिसा मिजंत सकसिनं त्वने फक्वः अय्ला थ्वँ त्वना प्याखँ हुईगु, म्ये हालिगु याई । त्वने फक्वः अय्ला थ्वँ त्वना धे धे चुइका, धः हे स्वाय् मफय्का सना, हाला, हुया ज्वीगु उत्सव जुगुलिं हे थ्वैत "सुरानक्षत्र" धागु खः । "छक मगधराज्यया राजगृह नगरय् 'सुरानक्षत्र' उत्सव जुबले नगरबासी सकल नागरीकतय्सं फयां फक्वः अय्ला थ्वँ त्वना, मद्यपान याना, ला नया भोजन याना सुरानक्षत्र उत्सवय् ब्वति काईगु, बाँबाँलागु भिंगू वसतं पुना प्याखँ ल्हुया ब्वति काईगु खँ जातक बाखँनय् न्ह्यःथना तःगु दु । थ्व उत्सव बले बजारय् मद्यमाँस ला, थ्वँ, अय्ला सेवन याय्त अपुक यक्वः न्याय् मिई दय्केगु याना च्वं । थ्व लोक उत्सवय् मद्य माँस, अय्ला, थ्वँ, ला नया त्वना, प्याखँ हुया, म्ये हाला, बाजा गाजा थाना त्वने फक्वः त्वना, नय् फक्वः ला नया थत्थे हे खः जिन्दगी धैगु कथं हनिगु उत्सवय् सुरापान यात यक्वः हे प्रोत्साहन बिईगु जुगुलिं थ्व उत्सव यागु नां हे 'सुरानक्षत्र' जुगु खँ उलि ध्वाथजुइक थुइके थाकु मजु । थ्व उत्सव ज्वीबले नगर वासी जनतातय् अलावा राजा, महाराजापिं व तपस्विपिंसं मद्यमाँस यक्वः हे सेवन याईगु जुया च्वन । छगू इलय् वाराणसीया राजोद्यानय् तपस्विपिं च्वनाच्वंबले बाराणसी नगरय् सुरानक्षत्र उत्सव जुबले काशी वाराणशीया जुजुं तपस्वि पिंनिगु निम्तिं भिं भिंगू अय्ला थ्वं, मद्यमाँस सेवन याकगु, व तपस्विपिंसं मद्यपान याना मदोन्मत जुया, अय्ला थ्वँ कय्का प्याखँ ल्हुगु, म्ये हागु खँ जातकय् न्ह्यःथनातःगु दु । सुरानक्षत्र उत्सवय् धे धे चुइका, धः हे स्वाय्मफय्का अयला थ्वँ त्वना सना ज्वीगु हुनिं ल्पालु ज्वीगु, तःतःसकं ल्वापुजुया ल्हाः तुति त्व धुईगु, कपा, तःज्याईगु, घाः पाः ज्वीगु थें जाःःगु अप्रिय घट्ना नं जुया च्वं धका नं उल्लेख यागु दु ।

५. **हस्तिमङ्गलः** थ्व हस्तिमङ्गल उत्सव, समारोह राजदरवारया न्ह्योने चोकय् हनिगु उत्सव खः । थ्व उत्सव ज्वीबले राजदरवारया अमात्य, भाई-भारदारपिं, समाजया कुलीन व हनेबनेमाःपिं मनुत मुना किसिया शोभायात्रा याना किसियात थि थि कथंया व्यायाम याकिगु ज्या याना आनन्द कया न्ह्याईपुक हनिगु उत्सव यात 'हस्तिमङ्गल' धाईगु जुल । सुजीम जातकय् हस्तिमङ्गल उत्सव राजागणतय्सं दँय्दसकं हनिगु उत्सव खः धका न्ह्यःथनातःगु दु । छन्हु ब्राह्मण पुरोहितं जुजुया थाय् वना बिन्तियात, "हे महाराज, हस्तिमङ्गल उत्सवया भिंगू दिं तिथि न्ह्योने थ्यंक वल, उकिं हस्तिमंगल उत्सवया प्रबन्ध याका बिज्याहुँ । अत्थे हे धया उजं जुयालिं हस्तिमङ्गल उत्सवया व्यवस्था याका बिज्यात सा फुक्क राज-प्राङ्गण छाय्पिया सच्छिम्ह किसियात लुँपाता मोरे याना, लुँयागु ध्वाँय्या प्रबन्ध याका सच्छिम्हं छगू हे ज्वःलय् तया न्ह्यःब्वइगु उत्सवय् वेदज्ञ व हस्तसुत्रज्ञ ब्राह्मणं शुरु याकिगु याईगु जुया चवन । अज्याम्ह वेदज्ञ व हस्तसुत्रज्ञ ब्राह्मण उगु उत्सव, समारोहलय् मथ्यन धासा समारोह हे ज्वीगु मखु ।

थत्थे थि थि कथंया उत्सव, समारोह याना बुद्धकालीन समाजया नागरीकतय्सं हना न्ह्याईपुक जीवन हना सभ्यता व सँस्कृतिया निर्माणयाना थि थि कथंया संस्कारत विकास व रुपान्तर जुया वया आः तक नं अज्यागु उत्सवत हना बना याना हे वया च्वंगुहे दनि धाय्माः धाय्माली । अस्तु !

"धर्मकीर्ति" पत्रिका नविकरण सम्बन्धी सूचना

धर्मकीर्ति पत्रिकाको वार्षिक ग्राहक शुल्क २०५६ चैत्र मसान्तसम्ममा समाप्त हुने भएकोले आगामी वर्ष २०५७ साल वर्ष १८ अंक १ देखि १२ सम्मको वार्षिक ग्राहक शुल्क नवीकरण गर्न हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं । ग्राहक शुल्क रु. ६० गरिएको छ ।

पुनश्च : चेकबाट भुक्तानी पठाउनु हुंदा खातावालाको नाम "धर्मकीर्ति" मात्र उल्लेख गरि पठाउनु हुन पनि अनुरोध गर्दछ ।



Downloaded from http://www.dhamma.digital

## सद्धम्म सवणं अति दुल्लभं

२०५६ माघ २२ गते। रिपोर्टर श्री श्यामलाल चित्रकार।

यसदिन "सद्धम्म सवणं अति दुल्लभं" (सद्धर्म सुन्न पाउनु अति दुर्लभ छ) भन्ने विषयमा बोल्नुहुँदै मदन रत्न मानन्धरले भन्नुभयो 'भगवान् बुद्धले आफ्नो पाऊ ढोइरहने बेलाको समय सम्म पनि खेर नफाली भिक्षुहरूलाई संसारका पाँचवटा दुर्लभहरूबारे यसरी बारम्बार उपदेश दिइरहने गर्नुहुन्थ्यो -

संसारमा बुद्ध उत्पन्न हुनु पहिलो दुर्लभ हो। भनिएको छ चारवटा असंख्य र एकलाख कल्प सम्म दश पारमिता, दश उपपारमिता र दश परमत्थ पारमिता पूरा गरी, तिनवटा चर्या पूरा गरी, पंच महापरित्याग गरी आफ्नो चित्तलाई तालिम गरी २५०० बर्ष पहिले जन्मनु भएका गौतम बुद्धको परिनिर्वाण पछि हाल सम्म अर्को नयाँ बुद्ध उत्पन्न हुनु भएको छैन।

दोश्रो दुर्लभ हो मनुष्यत्त्व भाव। यस संसारमा मानिसहरूको संख्या धेरै देखिएतापनि मानिसमा हुनुपर्ने मनुष्यत्त्व गुण भएका व्यक्तिहरू भने ज्यादै दुर्लभ देखिन्छन्। राम्रा कार्यहरू प्रति श्रद्धा उत्पन्न गर्नु र त्यस श्रद्धालाई दिगो राख्न सक्नु अति गाह्रो हुन्छ। त्यसैले श्रद्धा उत्पन्न गर्नु पनि त्यत्तिकै दुर्लभ छ यस संसारमा। यसलाई तेश्रो दुर्लभको रूपमा लिन सकिन्छ। प्रव्रजित भाव उत्पन्न गर्नु चौथो दुर्लभको रूपमा लिन सकिन्छ। उपरोक्त चारवटा दुर्लभहरू मध्ये पाँचौं दुर्लभ हो सद्धर्म श्रवण अति दुर्लभ। आफूलाई पनि हित हुने र दुःखबाट मुक्त हुने तथा अरुलाई पनि हित हुने र दुःखबाट मुक्त हुने सद्धर्म सुन्न पाउनु नै ठूलो सौभाग्यको कुरो हो। तर यस्तो सुअवसर प्राप्त गर्न ज्यादै गाह्रो छ। किनभने धर्म सम्बन्धि राम्रो ज्ञानहरू बोध गराउन सक्ने क्षमता र शक्ति जति बुद्धमा हुन्छ त्यति अरुमा हुन सक्दैन। बुद्धको जीवनकालमा जति मानिसले बुद्धको उपदेश सुन्ने अवसर पाएका थिए, ती बाहेक अरू सबैले हालसम्म त्यस अवसरबाट बञ्चित हुनुपरेको छ। भनिएको छ, भविष्यमा मैत्री बुद्ध उत्पन्न भएपछि मात्र त्यति बेला मानिसको रूपमा जन्म लिने व्यक्तिहरू मध्ये केहीले उहाँबाट सद्धर्म श्रवण गरी जीवन सफल पार्न सक्नेछन्। बुद्धको परिनिर्वाण पछि उहाँले देशना गर्नु भएको धर्मलाई भिक्षुहरूले बताउने छन्। तर संसारमा भिक्षुहरूको संख्या नगण्य रूपमा छ।

नेपालमा २००७ सालको प्रजातन्त्र पछि मात्र चीवरधारी भिक्षुहरू देखा परे। हाल नेपालमा विशेष गरी काठमाडौं निवासी मानिसहरूले भिक्षु तथा भिक्षुणीहरूको तर्फबाट धर्म श्रवण गर्ने अवसर पाइरहेका छन्। ६ अरव भन्दा बढि जनसंख्या भएको यस संसारमा धर्म श्रवण गर्न पाउने ब्यक्तिहरूको अनुपात नगण्य नै छ। त्यसैले सद्धर्म श्रवण अति दुर्लभ भनिएको कुरो ठीक नै मान्न पर्दछ।

बुद्धले दिनुभएका उपदेशहरू हाल त्रिपिटकमा लिखित रूपमा नै सुरक्षित छन् तापनि उक्त पुस्तकहरू किनेर पढ्ने, बुझ्ने र ब्यवहारमा प्रयोग गर्न सक्ने मानिसहरूको संख्या धेरै कम छ। त्यसैले धर्म श्रवण पाँचवटा दुर्लभहरू मध्ये अति दुर्लभ भनिएको होला। तैपनि हाल हामीले जसरी सद्धर्म सुन्ने, पढ्ने र जान्ने मौका पाइरहेका छौं, त्यसलाई ठूलो सौभाग्य ठानी यसलाई निरन्तरता दिंदै अगाडि बढ्नु हाम्रो बुद्धिमानी हुनेछ।

दुर्लभ सम्बन्धि प्राप्त पालि गाथा यस प्रकार छ-

**"बुद्धोप्पाद दुल्लभो लोके मनुस्सत्थ भाव दुल्लभो**
**बुल्लभा सद्धा सम्पति पब्बजित भाव दुल्लभो**
**सद्धम्म सवणं अति दुल्लभं एवं दिवस दिवसे ओवादि"**

## आयु संस्कार परित्याग दिवस

२०५६ फागुण ७ गते। रिपोर्टर- बिमला शाक्य

यस दिन भिक्षुणी अनोजाले माघ पूर्णिमा (सिं पुन्ही) को महत्त्व दर्शाउनु हुँदै भन्नु भयो - "सबै पूर्णिमाको आ-आफ्नै महत्त्व हुन्छन्। त्यस्तै माघ पूर्णिमाको पनि आफ्नै विशेष महत्त्व रहेको छ। भगवान बुद्धले ४५ वर्ष सम्म धर्मप्रचार गर्नु हुँदै बैशाली नगरमा आउनुभई माघपूर्णिमाको दिन आफ्नो जीवनको अन्तिम समयको तिथी घोषणा गर्नु भएको थियो। त्यसैले यस माघ पूर्णिमालाई आयु संस्कार परित्याग दिवस भन्ने गरिन्छ।

बैशाली राज्य बुद्धकालिन समयमा धेरै समृद्धशाली राज्यमा गनिन्थ्यो। त्यसैले यस नगरलाई बुद्धले समेत प्रशंसा गर्नु भएको कुरो बुद्ध कालिन इतिहास पल्टाएर हेर्दा थाहा पाइन्छ। यो सफलताको प्रमुख कारण उक्त राज्यका जनताहरूको परस्पर


Downloaded from http://www.dhamma.digital

मेलमिलाप नै थियो । यो प्रमुख कारण पत्ता लगाई अजात सत्रुले आफ्नो राजनैतिक चाल खेली बैशाली राज्यका जनताहरू बिच परस्पर फुट ल्याउन सफल भएका थिए । जसको फलस्वरूप उसले बैशाली राज्यलाई नाश पार्न सफल भए । त्यसैले भनिन्छ एक आपसमा सुमधुर सम्बन्ध र मैत्री कायम गर्नु ठूलो बुद्धिमानी हो ।

बैशाली राज्यमा माघ पूर्णिमाको दिन बुद्धले आफ्नो जीवनको अन्तिम तिथी घोषणा गर्नुभएपछि ठीक ३ महिना पछि बैशाख पूर्णिमाको दिन कुशीनगरमा उहाँ परिनिर्वाण हुनु भएको थियो ।

**"बुद्धलाई आजभोली कसरी चिन्ने ?"**

२०५६ फागुण १४ गते ।

यसदिन बौद्ध विद्वान आशाराम शाक्यले "बुद्धलाई आजभोली कसरी चिन्ने ?" भन्ने विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो "बुद्ध एक बहुआयामिक व्यक्तित्त्व हुनु भएकोले उहाँलाई हामीले आर्थिक, सामाजिक, धार्मिक र राजनैतिक आदि विभिन्न दृष्टिकोणबाट चिन्न सक्छौं । उहाँले २५०० वर्ष अगाडि दिनु भएको उपदेशहरू आजभोलीको एक्काइसौं शताब्दी सम्मको लागि पनि त्यति नै अनुकूल र उपयोगी शिद्ध भएका छन् । बैज्ञानिक युगलाई सुहाउँदो तरिकाले जीवन यापन गर्नका लागि बुद्ध शिक्षा नभै नहुने भएको छ । उहाँले दिनु भएको उपदेश अर्थात शिक्षालाई हामीले व्यवहारमा प्रयोग गर्न नसकेको हुनाले समाजको शान्ति भंग भइरहेका छन् । उहाँको शिक्षा मैत्री, करुणा, मुदिता र उपेक्षालाई हाम्रो जीवनमा प्रयोग गर्न सकेको खण्डमा हाम्रो घर, टोल, देश र संसारमा नै सुख र शान्तिले ओगट्ने थियो ।

जे भएपनि हामीहरू जस्ता गृहस्थीहरूका लागि पञ्चशील राम्ररी पालन गर्न आवश्यक छ । त्यसपछि विपश्यना भावना गरी मध्यम मार्गलाई अपनाई हरेक क्षण होशपूर्वक जीवन बिताउन आवश्यक हुनेछ । अनिमात्र हाम्रो जीवन सुखमय बन्नेछ ।

ज्ञानेन्द्र महर्जनद्वारा संचालित उक्त कक्षाको रिपोर्टर रामेश्वरी महर्जन हुनुहन्थ्यो ।

## न्ह्यलं चायक्यगु म्ये

✍ हर्ष रत्न धाख्वा

दन्य त्यल दन्य त्यल
दाजुकिजा तता केहैं ॥
न्ह्योवयका च्वन्यगात
वाथा इथि दन्यमाल ॥१॥

खा हा:गु तायक्य माल
निभा लूगु खंक्य माल ॥
लिपालागु चायक्य माल
ध्वना च्वन्य आ मजिल ॥२॥

झीजक लिपा लात
जल: खल: न्ह्योन्य ब्वा ॥
थुगु तालं जुल धासा
देश भिगु स्यनी पासा ॥३॥

न्हापा लापिं त्याहे त्याई
लीपा लापिं बुहे बुई ॥
थुगु ज्ञान मने ल्वीकि
ज्ञान याखं मनं थ्वीकि ॥४॥

## ❁ धर्म प्रचार ❁ (समाचार)

### बार्षिक भेला सम्पन्न

२०५६ चैत्र १९ गते शनिवार । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट बर्षेनि विभिन्न स्थानहरूमा संचालन गर्दै आएको बार्षिक भेला यसपाली शुलक्षण कीर्ति बिहार चोभारमा सम्पन्न गरिएको छ । विहान र दिउँसो गरी दुई सत्रमा कार्यक्रम बिभाजन गरी संचालित उक्त बार्षिक भेलामा अध्ययन गोष्ठीका पुराना र नयाँ सदस्यहरू बिच आ-आफ्नो अनुभव र विचार विमर्श, बुद्ध शिक्षा विषयमा छलफल र अध्ययन गोष्ठीका आगामी कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाई अगाडि बढाउन आवश्यक सुझावहरू प्रस्तुत गरिनुका साथै अन्य विभिन्न रोचक कार्यक्रमहरू पनि संचालन गरिएका थिए । फलस्वरूप वार्षिक भेला मनमोहक र सफल भएको थियो ।

कार्यक्रमको दोश्रो सत्रमा स्वास्थ्य राज्य मन्त्री तीर्थराम डंगोलज्यूको पनि उपस्थिती भएकोले कार्यक्रम अझ प्रभावकारी देखिएको थियो । यसको बिस्तृत विवरण अर्को अंकमा प्रस्तुत गरिने छ ।



Downloaded from http://www.dhamma.digital

# म्यानमार सरकारद्वारा "अग्गमहासद्धम्म जोतिक धज" पदवीले

# महास्थविर भिक्षु अश्वघोष विभूषित हुनुभयो



*"धर्मकीर्ति" का प्रधान सम्पादक श्रद्धेय महास्थविर भिक्षु अश्वघोष म्यानमार सरकारबाट प्रदान गरिएको "अग्गमहासद्धम्म जोतिक धज" सम्मान-पदवी धार्मिक मन्त्री उ आउँ खिनबाट ग्रहण गर्दै*

- चैत्र २०५६

२००० मार्च १९, रंगून-म्यानमार ।

बुद्ध-शासन तथा बुद्धधर्म, बौद्ध संस्कृति एवं बौद्ध दर्शनलाई जनमानसमा प्रचार-प्रसार गर्ने कार्यमा बर्षौंदेखि योगदान पुऱ्याउँदै आएका देश-परदेशका भिक्षु-भिक्षुणी तथा अन्य व्यक्तित्वहरूलाई म्यानमार सरकारले कदर गर्दै विभिन्न पदवीद्वारा विभूषित गरी सम्मान गर्ने कार्य गर्दै आएको छ । जस अनुरूप यसपालि **संघाराम भिक्षु तालिम केन्द्र**, ढल्को-काठमाडौं र **ध्यानकुटी विहार** - बनेपाका संस्थापक प्रमुख, **धर्मकीर्ति बौद्ध मासिक प्रधान सम्पादक**, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका **धर्मानुशासक महास्थविर भिक्षु अश्वघोषलाई म्यानमार सरकारको धार्मिक मन्त्रालयद्वारा "अग्गमहासद्धम्म जोतिक धज"** पदवी प्रदान गर्ने निर्णय गरेको हो । पाँच दशक भन्दा पहिले नै प्रव्रजित (श्रामणेर-भिक्षु) हुनु भएका भिक्षु अश्वघोष महास्थविरले नेपालमा बुद्धधर्म, बौद्ध संस्कृति एवं दर्शन तथा साहित्यिक र सामाजिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई कदर गरी सम्मान पदवी धारण गर्न उहाँलाई म्यानमार सरकारले **भि.आइ.पि. स्तरमा निमन्त्रणा** पठाइएको थियो । १६ तारिखका दिन नेपालका लागि म्यानमारका राजदूत, भिक्षु-श्रामणेर र भिक्षुणीहरू तथा ध्यानकुटी विहार बनेपाका उपासक-उपासिकाहरूले सम्मानित हुनु हुने **महास्थविर भिक्षु अश्वघोष एवं उहाँका साथमा जानुहुने भिक्षु कोण्डन्यलाई** त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा बिदाई गरेका थिए । बैंककमा एक रात बस्नुभई भोलिपल्ट रंगून उड्नु भएका उहाँहरूलाई धार्मिक मन्त्रालयद्वारा नाचगान र बाजागाजा सहित भव्य राजकीय स्वागत गरेका थिए ।



Downloaded from http://www.dhamma.digital

१९ तारिखका दिन रंगूनस्थित ढुंगाले निर्मित **सप्त पाषण गबाय गुफा** (जहाँ सन् १९५६ छैठौं धर्म संगायना भएको थियो) मा अन्तर्राष्ट्रिय स्तरको भव्य पदवी वितरण समारोहको आयोजना गरियो । हजारौं भिक्षुहरू चारैतिर थिए भने अन्य गण्यमान्य तथा उपासक उपासिकाहरू थिए । निरन्तर रूपमा बर्मेली संस्कृति झल्कने बाजागाजा, संगीतको करतल ध्वनी एवं गायन गुन्जायमान भइरहेको थियो । संघनायक श्रद्धेय भिक्षुद्वारा पंचशील प्रदान गर्ने कार्य भइसकेपछि पदवी प्रदान गर्ने कार्य प्रारम्भ भएको थियो । उच्च पदवीद्वारा विभूषित हुने सम्पूर्ण भिक्षुहरू मंचमा आसीन थिए भने अन्य पदवी लिनेहरू दायाँ-बायाँमा थिए। उक्त समारोहमा स्यानमार सरकारका महासचिव, उप-सचिव र सह-सचिव, सेनापति, मन्त्रीहरू तथा न्यायाधीशहरू पदवी वितरण गर्न उपस्थित देखिन्थे । **उच्च पदवी धारण गर्नेहरू बस्नुभएका मंचमा नेपाली भिक्षु अश्वघोष महास्थविरलाई धार्मिक मन्त्री उ आउँ खिनले "अग्गमहासद्धम्म जोतिक धज"** पदवीको प्रमाणपत्र हस्तान्तरण गर्नुभयो ।

**नेपाल लगायत** श्रीलंका, थाइल्याण्ड, मलेशिया, बेलायत, अमेरिका, सिंगापुर आदि गरी ११ वटा राष्ट्रका भिक्षुहरूलाई पदवीद्वारा विभूषित गरिएका थिए । त्यतिबेला भिक्षुहरूलाई मात्र प्रदान गरेको नभई भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई समेत उहाँहरूको योगदानलाई कदर गरी सम्मान-पदवी हस्तान्तरण गरेको कार्यलाई सही मूल्यांकन एवं सरकारको सकारात्मक कदमको रूपमा लिन सकिन्छ। पदवी हस्तान्तर-वितरण कार्यमा भिक्षुहरू उठेर लिन जानु परेको थिएन, बरु पदवी दिने उच्च पदाधिकारीहरू नै अगाडि गएर घुँडाले टेकी साष्टांग दण्डवत गरीकन पदवी अर्पण गरिएको दृश्य हेर्न लायक थियो। वास्तवमा यो नेपालको लागि यो एउटा नौलो सम्मान प्रदान गर्ने चलन जस्तो हुन सक्छ तर यसो नभई यो त बौद्ध चलन-पद्धत्ति पो हो । थाइल्याण्डमा पनि यस्तै बौद्ध चलन अद्यावधि चलिरहेकै छ । त्यहाँ पनि राजा स्वयं भिक्षु समक्ष दण्डवत गरी पदवी वा अन्य बस्तु अर्पण गरिबक्सने चलन छ, भिक्षुहरू नै उठेर जानुपर्दैन त्यहाँ ।

पदवी प्राप्त गर्नेहरूमध्ये कतिपय भिक्षुहरू बर्माकै सुदुर गाउँघरमा दु:ख कष्ट सहेर बुद्धधर्म, समाज, शिक्षा क्षेत्र, विकास कार्यमा ठूलो योगदान दिनेहरू पनि थिए । पदवी वितरण पश्चात उक्त समारोह आयोजित सप्त पाषाण गुफा एक चकर भिक्षाटनको कार्यक्रम राखिएको थियो । बाटोमा दानदिनेहरू स्टल बनाएर बसेका देखिन्थे भने कोही बौद्ध भजन गाउँदै थिए । करीब ४ घण्टा जतिको उक्त दान-प्रदान कार्यमा बृद्ध भिक्षुहरू कसैकसैलाई व्हील चेयरमा राखी दानकार्य सहभागी गरिएका थिए। नेपालबाट सम्मानित हुनु हुने श्रद्धेय भिक्षु अश्वघोष महास्थविर पनि व्हील चेयरमै देखिनु हुन्थ्यो। स्टल राखी दान गर्न नसक्नेहरू अलग्गै व्यक्तिगत रूपमै पनि दान गरीरहेका देखिन्थे भने कोही श्रद्धावानहरू बाटो (भुईं) मै बसेर साष्टांग प्रणाम गरी सम्मानित व्यक्तित्वहरूलाई कदर गर्दै बसेका त्यो दृश्य अझ हेर्न लायकको देखिन्थे ।

म्यानमार सरकारको निमन्त्रणामा पुगेका विदेशी भिक्षुहरूलाई जसरी राजकीय स्तरमा स्वागत गरेका थिए त्यसरी नै महत्त्वपूर्ण क्षेत्रमा स्थलगत भ्रमण पनि गराएका थिए। अपर बर्मास्थित बगान, मण्डले, सगाईं आदि ठाउँमा आन्तरिक उडानबाट भ्रमणार्थ लगेका थिए । अगाडि सुरक्षागार्ड मोटर साइकल, त्यसपछि सुरक्षाकर्मी मोटर गाडी, मिलिटरी जिप, सायरन आबाज दिने पोलिस कार र त्यसपछि पाहुनाहरू थिए भने त्यसको पछि मिलिटरी गाडी थिए । प्रत्येक भ्रमण स्थलमा पुग्दा स्वागत कार्य गरिएका थिए । सरकारले सन्तोषपूर्वक नै पाहुनाहरूलाई स्थलगत भ्रमण गराएका थिए । भ्रमण पछि **"अग्गमहासद्धम्म जोतिक धज"** पदवीद्वारा विभूषित नेपालका श्रद्धेय महास्थविर भिक्षु अश्वघोष र साथमा जानुभएका भिक्षु कोण्डन्य केही दिन म्यानमार नेपाली बुद्ध विहारमा बस्नु भएको थिए। नेपालमा ३० वर्ष भन्दा बढी बसी शासनिक काम गर्नु भइसकेकी भिक्षुणी मागुणवतीले उक्त विहार स्थापना गर्नु भएका थिए।

म्यानमारबाट बैंककको चुलालंकन अस्पतालमा साधारण उपचार गरी श्रद्धेय भिक्षु अश्वघोष महास्थविर भि.आइ.पि. स्तरमा नेपाल फर्किनु हुँदा नेपालका लागि म्यान्नमारका राजदूत श्रद्धेय भन्तेका शिष्य भिक्षुहरू, अन्य भिक्षु तथा श्रामणेरहरू, धर्मकीर्ति विहारका भिक्षुणीहरू, ध्यानकुटी-संघाराम, श्रीघः र धर्मकीर्ति विहारका उपासक उपासिकाहरू, ज्ञानमाला भजन खलः, युवा बौद्ध समूह, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू तथा अन्य गण्यमान्य व्यक्तिहरूले त्रिभूवन विमान स्थलमा स-सन्मान पूर्वक स्वागत गरेका थिए।



Downloaded from http://www.dhamma.digital

**नेपालमा दक्षिण एशियाली शान्ति सेना तालिम केन्द्रमा बुद्धको शान्ति शिक्षाको चर्चा**

२०५६ माघ १६ । स्थान- पाँचखाल (काभ्रे पलाञ्चोक)।

नेपालमा दक्षिण एशियाली शान्ती सेना तालिम केन्द्र स्थापना गर्ने प्रस्तावलाई नेपालका लागि संयुक्त राष्ट्र संघिय आवासिय संयोजक डा. हेनिङ कार्चर, संयुक्त राष्ट्र संघिय शान्ति सेना संचालक विभागका सहायक महासचिव योड-जीन चोइ र संयुक्त राष्ट्र अमेरिकाका एशिया प्रशान्त क्षेत्रका एडमिरल डेनिश सी ब्लेयरले समर्थन जनाउनु भएको समाचार छ ।

स्मरणीय छ नेपाल अमेरिका, बंगलादेश र श्रीलंकाका एक प्लाटुनले भाग लिएको 'बहुराष्ट्रिय सेनामुख तालिम कार्यक्रम"को उद्घाटनका अवसरमा (माघ २ गते) शाहि नेपाली सेनाका प्रधान सेनापति प्रज्वल शमशेर जबराले पाँचखाल स्थित शान्ति सेना तालिम शिविरलाई दक्षिण यसियाली शान्ति सेना तालिम केन्द्रको मान्यताका लागि प्रस्ताव राख्नु भएको थियो ।

पहिलो दक्षिण एशियाली बहुराष्ट्रिय सेनामुख तालिम कार्यक्रमलाई पाँचखाल उपत्यकामा शाही नेपाली सेनाका प्रधान सेनापतीले समापन गर्नु भएको थियो ।

समारोहलाई सम्बोधन गर्नुहुँदै संयुक्त राष्ट्र संघिय आवासिय संयोजक डा. कार्चरले भन्नुभयो- "यो शुभ कार्य थालनी गर्न गौतम बुद्धको जन्मभूमी, प्रख्यात संयुक्त राष्ट्र संघिय सेनाहरूको मुलुक नेपाल भन्दा अरु उपयुक्त स्थान कुन हुन सक्छ ? भगवान बुद्धको जीवन र शिक्षाले करुणा, मैत्री, स्वतन्त्रता र समानताको माध्यमबाट शान्ति स्थापना गर्न मद्दत गर्दछ । संयुक्त राष्ट्रसंघले लुम्बिनीलाई विश्व शान्तिको सन्देश प्रबर्द्धन गर्ने अद्वितीय सम्पदाको रुपमा उपयोग गर्ने अवसर पाएको छ, लुम्बिनीको विकासका लागि स्थानीय स्तरमा लिइएको नीति भन्दा लुम्बिनीलाई विश्व शान्तिको अद्वितीय शक्तिका रुपले अघि बढाउनुमा बढि महत्त्व रहेको हुन्छ ।

प्रधान सेनापति प्रज्वल शमशेर राणाले संयुक्त राष्ट्र संघको नेतृत्वमा शान्ति स्थापनार्थ शाही नेपाली सेनाले गौरवपूर्ण भूमिका निर्वाह गर्न पाएको कुरा उल्लेख गर्दै शान्ति स्थापना गर्ने काममा शाही नेपाली सेनाले भाग लिइरहने दृढता व्यक्त गर्नुभयो । उहाँले अगाडि भन्नुभयो- "हाम्रो राजसंस्था र परम सेनाधिपति श्री ५ महाराजाधिराजबाट निरन्तर शान्तिको वकालत गरि बक्सेको छ र यही नै शाही नेपाली सेनाको लगातार प्रेरणाको स्रोत रहि आएको छ ।

उक्त कार्यक्रममा दुई साता सम्म चार देशका सेनाले तालिममा भाग लिएका थिए भने १८ बटा देशहरूले पर्यवेक्षकको रुपमा भाग लिएका थिए ।

**रक्तदान र कपडा वितरण**

२०५६ फागुण ७ गते । प्रकाश मा.वि.बेनी ।

५० औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्षमा युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखरा र म्याग्दी बौद्ध संघ वेनीको संयुक्त आयोजनामा रक्तदान र कपडा वितरण कार्यक्रम सम्पन्न भएको समाचार छ । कार्यक्रमका प्रमुख अतिथि तथा म्याग्दी जि.वि.स. सभापति श्री नवराज शर्माले दीप प्रज्ज्वलन र प्र.जि.अ. श्री विष्णु प्रसाद अर्यालले Blood Bag हस्तान्तरण गरी संयुक्त रूपमा उक्त कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाश श्रेष्ठको सभापतित्त्वमा सचिव याम शाक्यले संचालन गर्नु भएको सो समारोहमा संघका सदस्य श्री सुभाष कुमार श्रेष्ठले स्वागत भाषण गर्नु भएको थियो । त्यस्तै उक्त कार्यक्रममा मन्तब्य व्यक्तगर्नुहुने वक्ताहरू यसरी हुनुहुन्थ्यो श्री नवराज शर्मा, श्री विष्णु प्रसाद अर्याल, श्री अर्जुन ज्ञवाली, कृष्णमान गुभाजु र प्रकाश उदास आदि । महिला र पुरुष गरी जम्मा ६५ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको उक्त कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि ज्यूले रक्तदाताहरूलाई प्रमाण पत्र वितरण गर्नु भएको थियो । त्यसरी नै प्र.जि. अ. श्री विष्णु प्रसाद अर्यालले रक्तदाताहरूलाई बुद्ध मूर्ति प्रदान गर्नु भएको थियो ।

उक्त कार्यक्रममा १० महिना देखि ६५ वर्ष सम्मका जम्मा ८० जना असहाय व्यक्तिहरूलाई न्यानो कपडा दुई दुई जोडा वितरण गरिएको थियो ।

**निःशुल्क आँखा शिविर**

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखराले तनहुँ जिल्लाको जनज्योती उच्च मा.वि. भिमाद बजारमा फागुण १३ गते संचालित एकदिने निशुल्क आँखा परिक्षण शिविर कार्यक्रमको भिमाद गा.वि.स. का



Downloaded from http://www.dhamma.digital

अध्यक्ष श्री काजीमान श्रेष्ठले दिप प्रज्ज्वल गरी उद्घाटन गर्नु भएको समाचार छ । युवा बौद्ध संघका उपाध्यक्ष प्रकाश उदासको सभापतित्त्वमा सचिव विक्रम बुद्धाचार्यले संचालन गर्नु भएको उक्त कार्यक्रममा भिमाद गा.वि.स. वडा नं. १ का अध्यक्ष आनन्द देव श्रेष्ठले स्वागत मन्तब्य ब्यक्त गर्नु भएको थियो भने हिमालय आँखा अस्पतालको तर्फबाट प्राबिधिक लव कुमार राणा, समाजसेवी रुद्र कुमार श्रेष्ठ र आँखा शिविर कार्यक्रमका संयोजक रन्जन बुद्धाचार्यले पनि मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

भिमाद गा.वि.स.मा सम्पन्न उक्त आँखा शिविरमा २२९ जवान आँखाका रोगीहरूको नि:शुल्क आँखा परिक्षण, औषधि तथा चश्मा वितरण गरिएको थियो ।

शिविरका लागि हिमालय आँखा अस्पतालको तर्फबाट प्राबिधिक लव कुमार राणा, दुर्गा ब. मास्के र केदार ढुंगानाले सेवा पुऱ्याउनु भएको थियो भने विरामीहरूलाई (शल्यक्रिया गर्नुपर्ने) समेत सोहि अस्पतालबाट बसको ब्यवस्था गरिएको थियो । विरामीहरूका लागि श्री दशरथ मान बुद्धाचार्यले औषधी खर्च पुऱ्याउनु भएको थियो भने सदस्य विनोद शाक्य र सन्देश उदासबाट पनि केही आर्थिक सहयोग प्राप्त भएको थियो ।

**प्रव्रजित गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ सम्पन्न**

२०५६ चैत्र १० गते । स्थान- शाक्य सिंह विहार, थैना, ललितपुर ।

श्रद्धेय, संघमहानायक भिक्षु दिवंगत प्रज्ञानन्द महास्थविरको शत वार्षिक जन्मोत्सवको उपलक्षमा उहाँको गुणानुस्मरण गरी जन्मोत्सव तिथीको देढ महिना अगाडि प्रव्रजित गुरुमांहरूको तर्फबाट एकदिने महापरित्राण पाठ सम्पन्न गरिएको समाचार छ ।

स्मरणिय छ नेपालमा भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ गर्ने अनुमति प्राप्त गरी प्रव्रजित गुरुमांहरूले यो पहिलो पटक महापरित्राण पाठ गरिएको कुरा बुझिएको छ ।

यस घटनाले हाल नेपालमा पनि बुद्धको उदार नीति (महिला पुरुष विच निष्पक्षता र भेदभाव रहित प्रथा) लाई अपनाइएको कुरा प्रष्ट गराएको छ ।

यही शिलशिलामा वि.सं. २०५७ साल बैशाख ९ गते शुक्रवारका दिन बसुन्धरा डोलमा प्रव्रजित गुरुमाहरूकै तर्फबाट दोश्रो पटक महापरित्राण पाठ गरिने भएको छ ।

**बुद्ध प्रतिमाको शोभायात्रा**

२०५६ चैत्र १२ गते, शनिबार । लुम्बिनी स्थित गौतमी विहारमा प्रतिष्ठापन गर्नको लागि धर्मकीर्ति विहारको तत्त्वावधानमा विभिन्न श्रद्धालु उपासक उपासिकाहरूको सहयोगबाट निर्मित ६ फुट अग्लो बुद्ध प्रतिमा, ५ फुट अग्लो बुद्ध कालिन अग्रश्रावकहरू शारीपुत्र र महामौद्गल्यायनको प्रतिमाहरू सजाइएको गाडीमा राखी विभिन्न बाजागाजाहरूका साथ शोभायात्रा आयोजना गरियो ।

शाही नेपाल वायुसेना निगम भवनबाट शुरू गरिएको सो शोभायात्रा भोटाहिटी, असन, बालकुमारी, केलटोल, इन्द्रचोक, नयाँ सडक, ॐबहाल, लगन, ब्रह्मटोल, ह्यूमत, खोल्चापाखा, जैशी देवल, चिकंमुगल, मरू, प्याफल, यट्खा, नरदेवी, टेंगल, न्ह्योखा, बाङ्गेमुढा, न:घल, क्वा:द्वं, क्षेत्रपाटी हुँदै ठमेल स्थित ज्ञानज्योति कंसाकारज्यूको घरमा पुगी टुंगिएको थियो ।

सो शोभयात्रामा स्वास्थ्य राज्यमन्त्री तीर्थराम डंगोल र भिक्षु भिक्षुणीहरू लगायत झण्डै ५,६ हजार जन समूहले भाग लिई बुद्ध प्रतिमा प्रति अपार श्रद्धा चढाएका थिए । शोभा यात्रामा भाग लिएका सहभागीहरूलाई ज्ञानज्योति कंसाकार प्रमुख परिवारका तर्फबाट जलपान गराइएको थियो ।

उक्त शोभा यात्रामा म्ह्यपिक्व, जम:बहाल, त्यौड, किलागत, लाजिम्पाट, जमल, मखन, वटु, असन, भोटाहिटी, क्वा:बहा:, ठमेल, छ्वास लबि, कमलाक्षि, टेंगल आदि गरी विभिन्न टोलका १८ वटा समूहरूबाट, चिव धिमे, मू धिमे, धुन्या, दापा खल:, धा:, बासुरी खल:, पछिमा बाँसुरी खल: आदि बाजाहरू बजाई बुद्ध प्रति श्रद्धा चढाइएका थिए ।

चैत्र १२ गते काठमाडौंमा शोभायात्रा गरिएको उक्त प्रतिमाहरूलाई चैत्र १३ गते बुटवल बजारमा शोभा यात्रा गरिएको थियो । सोही दिन उक्त प्रतिमाहरू लुम्बिनी स्थित गौतमी विहारमा पुऱ्याइएको थियो ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

# अनिच्चावत संखारा



## मदुम्ह मोहन देवी तुलाधर

बूगु दिं : वि.सं. १९८६ नःलास्वने चन्हे
मदुगु दिं : २०५६ खाइसँल्हू त्रयोदसि (२०५६ वैशाख १ गते)

जिमि माँ मोहन देवी तुलाधर मदुगु दच्छि दुगुलिं वयूकःया
पुण्य स्मृतिस निर्वाणया कामना यानाच्वना ।

कल्याणी देवी बनिया
दुर्गा देवी ताम्राकार
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजःपिं

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : [illegible] फ्याक्स : [illegible] २५८६७८
Downloaded from http://www.dhamma.digital